बाङ्गलादेशमा शेख हसिनाविरुद्ध 'हत्याको आरोपमा अनुसन्धान सुरु' पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ८७ • २०८१ साल साउन ३० गते बुधबार (14 August, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## शिव पुराण महायज्ञमा प्रतिनिधिसभा सदस्यले ढाँटे

**टुडे समाचारदाता**

बर्दिवास । विगत एक सातादेखि महोत्तरी जिल्लाको बर्दिबासमा जारी 'शिव पुराण महायज्ञ'बाट दुई करोड रुपैयाँभन्दा बढी रकम संकलन भएको छ ।

सो संकलनको क्रममा प्रतिनिधिसभा सदस्य लक्ष्मी महतो कोइरीले एक करोड रुपैयाँ सहयोग उपलब्ध गराउने भनि ढाँटेका छन् ।

सर्वोच्च अदालतले खारेज गरेको संसदीय विकास कोषबाट एक करोड रुपैयाँ 'हाम्रो माया घर' निर्माणका लागि सहयोग उपलब्ध गराउने भन्दै ढाँटेका छन् ।

महायज्ञ मूल आयोजक समितिका अध्यक्ष हीरा गौतमले सडक मानवको उद्धार तथा व्यवस्थापनका लागि बर्दिबासमा निर्माण गरिने 'हाम्रो माया घर' निर्माणको लागि गरिएको महायज्ञको मंगलबार नवौं दिनमा दुई करोड रुपैयाँ नगद दान प्राप्त भएको उनले बताए ।

सो क्रममा हाम्रो माया घर निर्माणका लागि महोत्तरी-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य महतोले पर्यटन मन्त्रालयबाट पनि ५० लाख रुपैयाँ सहयोग उपलब्ध गराउने प्रतिवद्धता गरेको अध्यक्ष गौतमले बताए ।

## मधेश प्रदेशका ८ राज्यमन्त्री बर्खास्त

# कांग्रेसमा आक्रोश, लोसपा र जनमतमा असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले जम्बो मन्त्रीमण्डल गठन गरेपछिको बिरोध बढेसँगै मुख्यमन्त्री सतीशकुमार सिंहले ८ जना राज्यमन्त्रीलाई मंगलवार बर्खास्त गरेका छन् । बर्खास्त हुने राज्यमन्त्रीहरु मध्ये ५ जना गत मंगलबार बहाल भएका थिए ।

मुख्यमन्त्री सिंहको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले राज्यमन्त्रीहरुलाई हटाइएको मन्त्रीमण्डल पूगनर्गठन गरेकी छन् ।

राज्यमन्त्रीमा एमालेका ३, नेपाली कांग्रेसका २, जनमत पार्टीका २ र लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपालका १ जना राज्यमन्त्री थिए ।त्यस मध्ये एमालेका १, कांग्रेसका १ र जनमत पार्टीका १ जना राज्यमन्त्री पहिले नै नियुक्त भएका थिए ।

मुख्यमन्त्री सिंहले गत मंगलबार ५ जना राज्यमन्त्री थपगरि २० सदस्यीय मन्त्रीमण्डल गठन गरेका थिए ।जनमत पार्टीको चिरपरिचित प्रतिदून्दी मानिएको जनता समाजवादी पार्टी( जसपा)नेपालका भातृ संगठनहरुले सडकमा विरोध प्रदर्शन सुरु गरेका थिए ।

प्रदेश सरकारसँगै जनमत पार्टीलाई घेर्न थालिएपछि जनमत पार्टीले मुख्यमन्त्री सिंहलाई स्पष्टीकरण सोध्दै सरकार बिस्तारमा पार्टीसित समन्वय नगरेको आरोप लगाएको थियो ।

मन्त्रीमण्डल बिस्तार सम्बन्धमा सत्तारुढ दलहरु जनमत, कांग्रेस र एमालेबीच घोँचपेँच सुरु भएको थियो । जनमतले एमाले र कांग्रेसको दवावमा मन्त्रीमण्डल जम्बो बनेको आरोप लगाएपनि ती दुई



दलले जनमत पार्टीमाथि नै आरोप लगाएका थिए ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले साता दिन अघि सामाजिक सञ्जालमा नेपाली कांग्रेस र नेकपा एमालेको कारण जम्बो मन्त्रीमण्डल बनाउनु परेको बाध्यता सार्वजनिक गरेका थिए । त्यसपछि कांग्रेस, एमालेलगायतका दलहरुलेसमते अध्यक्ष राउतको अभिव्यक्तिप्रति असहमति जनाउँदै मुख्यमन्त्री सिंहले आफ्नो नेतृत्व जोगाउन जम्बो मन्त्रीमण्डल गठन गरेको स्पष्ट गरेका थिए ।

मन्त्रीमण्डल विस्तारको आलोचना हुन थालेपछि सबैको सहमति अनुसार राज्यमन्त्रीहरूलाई हटाउने निर्णय गरिएको मुख्यमन्त्री सिंहले जनाए ।

बर्खास्त भएका राज्यमन्त्रीहरुमा रेखा ठाकुर, निलम कुमारी रजक, रामबाबु यादव, शम्भु साह ,मोहम्मद जैद आलमलाई राज्यमन्त्रीमा नियुक्त गरेको थियो ।

सिंह मुख्यमन्त्री भएसँगै केशव राय, शारदा देवी थापा र रञ्जुकुमारी मण्डल खंग राज्यमन्त्रीमा नियुक्त भएका थिए । एमालेबाट राज्यमन्त्री बनेका तीन जनाले सोमबार नै राजीनामा बुझाएको दाबी गरिएको छ । एमालेका राज्यमन्त्री मो.जयद आलम, राज्यमन्त्री शारदा पहाडी र राज्यमन्त्री केशव रायले सोमबार राजीनामा बुझाएको दावी गरिएपनि उनीहरुको राजिनामा स्वीकृत नगरि बर्खास्त गरिएको छ ।

संविधान अनुसार प्रदेश सभा सदस्यको कुल संख्याको २० प्रतिशत सम्मको मन्त्रीमण्डल गठन गर्ने प्रावधान छ । मधेश प्रदेशमा १ सय ७ जना सदस्य रहेकाले २१ सदस्यीय मन्त्रीमण्डल गठन संवैधानिक हुनेछ ।

कर्णाली प्रदेशको जनसंख्या १६ लाख रहेको र त्यहाँ ८ जना मन्त्री रहेका छन् । कर्णालीमा सरदर २ लाख जनसंख्यामा एकजना मन्त्री र मधेश प्रदेशमा अब ५ लाख बढी जनसंख्यामा १ जना मन्त्री भएका छन् । जनसंख्याको अधारमा अधिकार सुनिश्चित गर्नुपर्ने संघीयता पक्षधरहरुको मुख्य एजेण्डा रहेपनि जनमत पार्टीले खुट्टा कमाएर संघीय सत्तारुढ दलहरुको दवावमा राज्यमन्त्रीहरुलाई बर्खास्त गरेको आरोप कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले लगाएका छन् ।

मधेश प्रदेशमा सरकार मुख्यमन्त्रीले भन्दा भूमीगत रुपमा राउतले चलाएको उनले बताउँदै राज्यमन्त्रीमा नियुक्त भएका सभासदहरुलाई राजिनामा दिने अवसर समेत नदिई बर्खास्त गर्नु दुखद भएको बताए ।

मुख्यमन्त्री सिंहले राज्यमन्त्रीहरुलाई बर्खास्त गरेपछि अब मधेश प्रदेश सरकारमा मुख्यमन्त्री सहित १२ जना छन् ।प्रदेश प्रमुखको कार्यालय जारी गरेको सुचनामा मन्त्रीहरुको मन्त्रालय यथावत रहेको जनाइएको छ ।

### वर्तमान मन्त्रीमण्डलमा

सतीश कुमार सिंह मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सरोज कुमार यादव मन्त्री भौतिक पूर्वाधार विकास मन्त्रालय ,जनार्दन सिंह क्षेत्री मन्त्रP भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, रानी कुमारी तिवारी मन्त्री शिक्षा तथा संस्कृति मन्त्रालय, राज कुमार लेखी मन्त्री गृह, सञ्चार तथा कानून मन्त्रालय ,सत्रुधन प्रसाद सिंह कोइरी मन्त्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सुनिल कुमार यादव मन्त्री अर्थ मन्त्रालय, प्रमोद कुमार जयसवाल मन्त्री खेलकुद तथा समाज कल्याण मन्त्रालय, त्रिभुवन साह मन्त्री वन तथा वातावरण मन्त्रालय, शेष नारायण यादव मन्त्री उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय , सकिल अलि मियाँ मन्त्री उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र कौशल किशोर राय मन्त्री श्रम तथा यातायात मन्त्रालय रहेका छन् ।

## मुख्यमन्त्रीले स्पष्टीकरण दिए

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले ८ जना राज्यमन्त्रीलाई मंगलबार बर्खास्त गर्दै स्पष्टीकरणको जवाफ पेश गरेका छन् ।

गत हप्ता जनमत पार्टीले मुख्यमन्त्री सिंहले गरेको मन्त्रीमण्डल बिस्तारमा पार्टीको सहमति नलिएको, काम भन्दा उद्घाटन र शिलान्यासमा सक्रिय रहेको, पार्टी नीति विपरीत सांसदलाई ५ करोड दिने घोषणा गरेको विषयमा स्पष्टीकरण सोधेको थियो ।

मुख्यमन्त्री सिंहले काठमाण्डु स्थित पार्टी कार्यालयमा स्वयं उपस्थित भइ साँझ स्पष्टीकरण पेश गरेका छन् । उनले स्पष्टीकरण पेश गरेको पार्टीका प्रवक्ता शरद यादवले पुष्टि गरेका छन् ।

सिंहले स्पष्टीकरणमा राज्यमन्त्रीहरुलाई बर्खास्त गरिसकिएको, प्रदेश सभासदलाई ५ करोड नदिने र उद्घाटन, शिलान्यास लगायतका कार्यक्रमहरु सहभागि नहुने प्रतिबद्धता स्पष्टीकरणमा व्यक्त गरेको स्रोतले जनाएको छ ।







# मिडिया सम्बन्धी एक दिने प्रशिक्षण



**दिलीप पाण्डेय**

रौतहट । ग्रामीण बिकास केन्द्र नेपाल रौतहटको आयोजना तथा वल्ड भिजनको आर्थिक सहयोगमा रौतहटको चन्द्रपुरमा मिडिया परिचालन सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सोमवार सम्पन्न भएको छ।

वल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग तथा ग्रामीण बिकास केन्द्र नेपालको सहकार्यमा रौतहटको गरुडा नगरपालिका र माधव नारायण नगरपालिकामा संचालित परियोजनाको बारे जानकारी गराउने उदेश्यले कार्यक्रम आयोजना गरिएको छ।

मिडिया सम्बन्धी तालिममा सहभागि भएको परियोजनाका कर्मचारी र पत्रकारहरुलाई सहयोगी संस्था वल्ड भिजनका स्पोन्सरशिप फील्ड कोडिनेटर बाल कृष्ण खडकाले स्थानीय साझेदार संस्था ग्रामीण बिकास केन्द्र नेपालसंगको सहकार्यमा संचालित बाल सरक्षण र सामुदायिक संलग्नता तथा स्पोन्सरशिप साथै पोषण र उत्थानशील जीविकोपार्जन कार्यक्रमको अवधारण लक्ष्य एवं उदेश्यको बारेमा जानकारी गराएका थिए।

खडकाले गरुडा नगरपालिकाम ३२५० र माधव नारायाण नगरपालिकामा ४ हजार गरी जम्मा ७ हजार २ सय ५० जना दर्ता गरिएका बालबालिका रहेको जानकारी गराए । अति गरीबी रेखामुनी रहेका परिवारका बालबालिका,कुपोषणका शिकार भएका हिंसामा परेका अशक्त अपाग बालबालिकालाई सहयोगी संसीथाले सहयोग दिने गरेको उनले जनाए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झाले समाचार लेखन बिषयके बारेमा प्रशिक्षण दिएका थिए । आयोजक संस्थाका उपाध्यक्ष ममता झाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा २० जनाको सहभागीता रहेको आयोजक संस्थाले जनाएको छ।

# परोहामा चुलोसहित ग्यास सिलिन्डर वितरण

**टुडे समाचारदाता**

रौतहट। परोहा नगरपालिकाले धुवाँमुक्त अभियान अन्तर्गत सोमबारदेखि ग्यास चुलोसहित ग्यास सिलिन्डर वितरण सुरु गरेको छ।

आठौं नगरसभाबाट पारित नीति कार्यक्रम अनुसार प्रत्येक घर परिवारलाई ग्यास चुलोको सेट वितरण गर्ने कार्यक्रम अन्तर्गत चुलोसहित सिलिन्डर वितरण गर्न लागिएको छ।



परोहा नगरपालिका- ४ मा रहेको विद्यालयको प्रांगणमा औपचारि करुपमा कार्यक्रम आयोजना गरी मेयर शेख वकिलले चुलोसहित सिलिन्डर वितरणको शुभारम्भ गरेका छन्। पहिलो दिन परोहा नगरपालिका वडा नम्बर ३ तेजापाकडको स्थानीयलाई चुलोसहित ग्यास सिलिन्डर वितरण गरिएको छ।

एक हजार २ सय घर रहेको सो वडाका सोमबार ७ सय परिवारलाई ग्यास सिलिन्डर, चुलो, रेगुलेटर, पाइप र ग्यास लाइटर दिइएको निमित प्रमुख प्रशासकीय अधिकृत मोहमद महफुज आलमले जानकारी दिए।

ग्यास चुलो वितरण कार्यक्रममा उपमेयर सुगान्धी देवी, निर्वाचित वडाध्यक्ष, इन्जिनियर दीपेन्द्र यादवलगायतकाहरुको सहभागिता रहेको थियो।

# गौर नगरपालिकामा बास्तविक तथ्याँक तयार गर्न टोली परिचालन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर नगरपालिकाका नगरवासीको बास्तविक तथ्याँक तयार गर्न टोली परिचालन गरिदै गरेको छ।

गौर नगरमा बसोबास गर्ने हरेक नागरिकको बास्तविक तथ्याँक राख्न नगरपालिकाबाट टोली परिचालन गरेर रेकर्ड तयार पार्ने अभियान संचालन गरिने गौर नगरप्रमुख शम्भु साहले बताए।




गौर नगरपालिकाको कार्यालयमा मंगलवार अपरान्ह आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै नगरप्रमुख साहले नगरपालिकाको ९ वटै वडामा बसोबास गर्ने नगरवासीहरुको वास्तविक अवस्था कस्तो रहेको छ ? साक्षर कतिको छ ? शौचालयको अवस्था कस्तो छ ? विजुलबत्तीको अवस्था ? रोजगारीको अवस्था ? स्वास्थ्यको अवस्था ? विद्यालय गए नगएको अवस्था ? खानेपानीको सुविधा र प्रकार, नक्सा पास वा अभिलेखिकरण भए नभएको, घरको प्रकार कस्तो छ ? चुल्होको प्रकार लगायतका नगर प्रोफाइल तयार पार्न टोली परिचालन गरिने उनले स्पष्ट पारे।

नगरप्रमुख साहले नगर प्रोफाइल तयार भएमा नगरपालिकाको लागि ठूलो सम्पत्ती हुने तथा नगरको वारेमा हरेक नागरिकलाई जान्ने एवं बुझ्ने अधिकार रहेको हुँदा अनलाईन मार्फत नगरवासी सजिलै हेर्न सकिने नगरप्रमुख साहले बताए।

# एकै परिवारका तीन बालबालिकाको मृत्यु

**टुडे समाचारदाता**

बारा । बाराको सिम्रौनगढ नगरपालिका-७ झवानीका टोलका नरेश रामका तीन छोराछोरीको विषाक्त खाना (फुड पोइजनिङ)का कारणले मृत्यु भएको छ।

बारा प्रहरीले फुड पोइजनिङका कारणले तीनको मृत्यु भएको आशंका गरिएको छ । मृत्यु हुनेमा सात वर्षीया लालिमा राम, सात वर्षीया पुष्पा राम र पाँच वर्षीय रामनन्दन राम छन्।

बाराका प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले आइतबार बेलुका माछा र भात खाएर सुतेका तीन बालबालिकाको फुड पोइजनिङका कारणले मृत्यु भएको बताए।

इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक नवीन राईले परिवारका सबै सदस्यले एउटै चुलोमा पकाएको खाना खाए पनि बालबालिकामा मात्रै फुड पोइजनिङको समस्या देखिएको जानकारी दिए। उनले भने, "प्रारम्भिक अनुसन्धानका क्रममा गाउँकै माछा पोखरीबाट निकालेको माछा र भात खाएको भन्ने कुरा आइरहेको छ", उनले अघि थप्दैं भने, "एउटै भान्सामा रहेको एउटै कराइमा पकाएको खाना मृतकका आमा, हजुरबुबा, हजुरआमाले खाएको देखिन्छ तर परिवारका अन्य सदस्यलाई केही भएको छैन, तीन बालबालिकालाई मात्रै फुड पोइजनिङको समस्या देखिएको छ।"



प्रहरी निरीक्षक राईले तीन बालबालिकाले दिउँसोको समयमा अन्य केही खानेकुरा खाए कि सोही माछासहितको खानाको कारणले मृत्यु भयो भन्ने कुरा अहिलेसम्म नखुलेको बताए। उनले मृतक बालबालिकाको घरमा कुनै पनि प्रकारको विषादिजन्य औषधी नभेटिएको पनि जानकारी दिए।

प्रहरी निरीक्षक राईले बालबालिकाको स्वास्थ्यमा समस्या देखिएसँगै परिवारका सदस्यहरुले सिम्रौनगढस्थित रामबाबुको पोलिक्लिनिकमा उपचारका लागि पुऱ्याएको बताए। पोलिक्लिनिकले आफ्नोमा उपचार सम्भव नभएको बताएसँगै बाराको प्रादेशिक अस्पताल कलैया पुऱ्याइएको थियो। "तीन बालबालिकामध्ये एकजना सिकिस्त भएकाले प्रादेशिक अस्पताल कलैया पुऱ्याउने क्रममा नै मृत्यु भएको बताइएको छ", प्रहरी निरीक्षक राईले भने, "प्रादेशिक अस्पतालले अन्य दुई बालबालिकाको स्वास्थ्य अवस्था गम्भीर देखिए पनि नेसनल मेडिकल कलेज वीरगञ्जमा रेफर गरेको थियो, अन्य दुई बालबालिकाको पनि नेसनल मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको हो।"

बारा प्रहरीका अनुसार मृतक तीनै बालबालिकाको शव परीक्षण गरेर परिवारलाई हस्तान्तरण भइसक्केको छ। नेशा राम रोजगारीका लागि भारतको पञ्जाब राज्यमा रहेको जनाइएको छ।

# सेनाद्वारा मधेशमा वृक्षरोपण अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली सेनाले वृहद् वृक्षरोपण अभियानअन्तर्गत मधेश प्रदेशमा यस वर्षको वर्षायाममा हालसम्म ६० हजारको संख्यामा वृक्षरोपण गरेको छ।

मधेश प्रदेशमा प्रकृति संरक्षण र हरियाली प्रवर्द्धन सुरु गरिएको वृहद् वृक्षरोपण अभियानमा पछिल्लो असार र साउनमा उक्त संख्यामा वृक्षरोपण गरिएको सेनाको मध्यपूर्वी पृतना हेडक्वाटर बर्दिबास महोत्तरीले जनाएको छ।



सेनाले साउनको चौथो साताभित्र धनुषा र महोत्तरीको सीमाक्षेत्रमा पर्ने धनुषाको मिथिला-११ को मोतीखोला सामुदायिक वनक्षेत्र र बगरटोलमा गरी सात बिघा क्षेत्रफलमा १० हजारको संख्यामा वृक्षरोपण गरेको जनाएको छ।

गत बिहीबार मधेशका मुख्यमन्त्री सतीशकुमार सिंहबाट वृक्षरोपण थालिएको थियो । यसअघि असारमा सिरहाको मिर्चैया-६, ७ को पर्ती जग्गामा ५० हजारको संख्यामा वृक्षरोपण रोपिएको पृतनाका सहायक रथी प्रकाशबहादुर चन्दले जानकारी दिए। वृक्षरोपण गरिएका दुवै ठाउँ चुरे क्षेत्र केन्द्रित रहेको जनाइएको छ।

चुरे मधेशको जीवन रहेको हुँदा यसको संरक्षणका लागि सघन वृक्षरोपण पहिलो अभिभारा रहेको सेनाको भनाइ छ। चुरेका प्राकृतिक स्रोत जमिन, पानी, चरनक्षेत्र र प्राणीको संरक्षण, जीविकाका लागि रुख बिरुवा अनिवार्य भएको सहायक रथि चन्द बताउँछन्।

रोपिएका बिरुवाहरूमा मलेसियन साल, टिक, खयर, अमला र बाँस छन्। वृक्षरोपणले अब वनक्षेत्र हराभरा बनाउन सहयोग पुग्ने मोतीखोला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष खड्कबहादुर विश्वकर्माले बताए।

वनक्षेत्र नजिकको पर्ती जग्गामा अमला रोपिएको छ । यसले बस्ती पसेर हैरान गर्ने बाँदरले केही वर्षभित्रै जंगलमै पर्याप्त भोजन पाउने आशा गरिएको छ।

# ट्रक दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । पूर्व-पश्चिम राजमार्गअन्तर्गत सप्तरीको शम्भुनाथ नगरपालिक -५ मा मंगलबार बिहान ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको मधेश प्रदेश -०३-००१ ख ८१८१ नम्बरको क्लिंकर लोड गरेको १२ चक्के ट्रक मोहनपुर पुलबाट १५/२० मिटरतल खसी दुर्घटना हुँदा चालक मोरङ उर्लाबारी-१ का २५ वर्षीय सबिन राईको मृत्यु भएको सप्तरी प्रहरीले जनाएको छ। ट्रकभित्र नै चेपिएर चालक राईको घटनास्थलमा नै मृत्यु भएको छ।



# बारा र रौतहटमा सचेतना अभियान

**टुडे समाचारदाता**

बारा । अन्तराष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय कृषक समूह महासंघ नेपालले कृषि प्रसार सेवा तथा प्रविधि सम्बन्धी सचेतना अभियान कार्यक्रम बारा र रौतहट जिल्लामा सम्पन्न गरेको छ ।

बाराको कलैया उपमहानगरपालिका वडा- २० स्थित बसतपुर र रौतहट जिल्लाको गढीमाई नगरपालिका वडा- ६ स्थित धर्मपुरमा महासंघले कार्यक्रम गरेको छ । कृषि प्रसार सेवालाई अहिलेको युगमा प्रविधिसंग जोड्ने विषयमा छलफल गरिएको छ।

मोबाइल एप्स, जियो कृषि, कृषि पाथ एन.पी, सोसल मिडिया, सञ्चारमाध्यमलगायतको विषयमा जानकारी गराइएको थियो। किसानलाई आफ्नो बालीको उत्पादनदेखि बजारीकरणका लागि व्यवस्थित र सहज गर्न सकिन्छ भन्ने विभिन्न आयामहरुको विषयमा जानकारी गराइएको थियो।




कृषि प्रसार सेवामा युवाले निभाउन सक्ने प्रविधिको माध्यमद्वारा समन्वयात्मक माध्यम तथा अवसर हरुको विषयमा बताइएको थियो।

सो कार्यक्रममा युवा क्लब, कृषक समूह, आमा समुह, बाल क्लबलगायतका विद्यार्थी र स्थानीय युवाहरुको सहभागिता रहेको थयो।

बारामा कार्यक्रमको सहजीकरण राष्ट्रिय कृषक समूह महासंघ नेपालका अंकिता नेपाल, प्रमानन्द चौधरी, स्मार्ट युवा क्लबका अध्यक्ष निरज कुमार गुप्ता र ओम प्रकाश साहले गरेका थिए।

त्यस्तै रौतहट जिल्लामा कार्यक्रमको सहजीकरण राष्ट्रिय कृषक समूह महासंघ नेपालका नथनी माझी, भिएसओ नेपालका अभिशेष सिंह, छोडी देवी, युवा क्लबबाट उमाकान्त राम यादव र उग्रनारायण यादवले गरेका थिए।

# लुटपाटमा संलग्न रहेको अभियोगमा तीन पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा नगद लुटपाटमा संलग्न रहेको अभियोगमा तीनजनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको बागमती नगरपालिका-४ स्थित जिरायत बस्ने ४० वर्षीय राम बहादुर थिङसमेत ३ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ।

सिन्धुली भिमानबाट बर्दिबासतर्फ जाँदै गरेको ना.३ ख २८७६ नम्बरको बसमा सवार महोत्तरी बर्दिबास नगरपालिका-३ का ७० वर्षीय पुरुषको साथमा रहेको नगद ४ लाख ७० हजार रुपैयाँ सोही बसमा सवार अज्ञात समूहले महोत्तरीको बर्दिबास नगरपालिका-३ स्थित कालापानीमा चोरी गरेको थियो।

त्यसपछि बर्दिबासमा ओर्लेर धरानबाट नारायणघाटतर्फ जाँदै गरेको हाल अल्फाबेट नखुलेको ३३७७ नम्बरको बसमा चढी भागेको भन्ने सूचनाको आधारमा खोजी गर्ने क्रममा इलाका प्रहरी कार्यालय कर्मैयाबाट खटिएको प्रहरीले सर्लाहीको बागमती नगरपालिका-१२ पुतली चोक स्थित कालिका होटलबाट लुटपाटमा संलग्न उनीहरूलाई नगद २ लाख २८ हजार ५ सय रुपैयाँ सहित पक्राउ गरेको जनाइएको छ।

## घर भाडामा

जनकपुरधाम उपमहानगरपालिका वार्ड नं. १८ देखि बहुअर्वा जाने मुख्य सडकसँग जोडिएको ५ कठ्ठा १० धुर जग्गाको कमाउण्ड भित्र बनेको १२ कोठा, गार्ड रुम, पार्किंग सुबिधा भएको भवन विद्यालय, नर्सिंग होम, सरकारी कार्यालय, संघसंस्थाहरुका लागि अत्यन्त उपयोगी रहेकोले भाडामा लिन चाहने इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नु होला।

**सम्पर्क**

चन्द्रशेखर जयसवाल

मो.नं. ९८१७८६६८५

९७४४१०६०५५

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : पारिवाहिक सुख। |
| कन्या | : धन वृद्धि सञ्चय। |
| तुला | : प्रेम प्रसंग, मित्र सुख। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : अवसर प्राप्त। |
| कूम्भ | : वाद विवादबाट बच्नु। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




बंगलादेशमा हिन्दु धर्मावलम्वीहरुमाथि भइरहेको हमलाको विरोधमा मंगलबार जनकपुरधाममा हिन्दु संगठनले हिन्दुको रक्षाको माग गर्दै प्रदर्शन गरेका छन् । *तस्विर : प्रमोद कुमार साह*

# सरकारले युवा पलायन रोक्न आकर्षक र रोजगार मूलक कार्यक्रम ल्याउनुपर्छः नेता डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले युवा पलायन रोक्न सरकारले आकर्षक र रोजगारमूलक कार्यक्रम ल्याउन जरूरी रहेको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा फोर एच नेपालले मंगलबार आयोजना गरेको 'अन्तरपुस्ता संवाद' कार्यक्रममा उहाँले पढे लेखेका र बाध्यताले रोजगारीका लागि खाडी मुलुक जाने युवालाई रोक्न स्वदेशमै रोजगारीको अवसर सिर्जना गरिनुपर्नेमा जोड दिनुभयो । "युवालाई नेपालमै कसरी आकर्षित बनाउने भन्नेबारे सरकारले आवश्यक कार्ययोजना बनाउन जरूरी छ", नेता कोइरालाले भन्नुभयो, "नेपालमा केही हुँदैन भन्ने भाष्यलाई चिर्नुपर्छ ।

युवा पलायन रोक्न राज्यले उनीहरूलाई कसरी ' इन्गेज' गराउने हो त्यसतर्फ ध्यान दिइनुपर्छ । स्वदेशमै अवसरको खोजी गर्ने जिम्मेवारी अभिभावकको पनि हो ।"

प्रतिनिधिसभा सदस्य डा कोइरालाले व्यावहारिक र वैज्ञानिक शिक्षा पद्धतिको अवलम्बन गर्दै स्वरोजगार र उद्यमशीलताको विकासका लागि युवालाई प्रोत्साहित गरिनुपर्ने खाँचो औंल्याउनुभयो । देशको भविष्य निर्धारण गर्ने जिम्मेवारी युवाको काँधमा रहेकाले युवाले पनि



उद्यमशील मानसिकतासहित स्वदेशमै केही गर्ने सोच निर्माण गर्नुपर्ने उहाँको भनाइ थियो ।नेता डा कोइरालाले ढिलासुस्ती, अनियमितता र भ्रष्टाचारसँग जोडिएर आएका प्रश्नलाई सरकार र राजनीतिक दलले गम्भीरताका साथ लिनुपर्ने बताउनुभयो । वर्तमान सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण र युवालाई रोजगारी सिर्जनाका लागि सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) की नेतृ रामकुमारी झाक्रीले युवापलायन रोक्न युवा उद्यमशीलता विकास, स्वरोजगारीमा प्रेरित गर्नुपर्ने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो ।रासस

# नारायणी रङ्गशाला मर्मतका लागि बजेट माग

वीरगञ्ज । वीरगञ्जको नारायणी रङ्गशाला मर्मतका लागि आवश्यक बजेट व्यवस्थापन गर्न युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीसँग माग गरिएको छ ।



खानेपानी मन्त्री प्रदीप यादवसहित पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंहको नेतृत्वमा गएको टोलीले मंगलबार खेलकुदमन्त्री चौधरीलाई भेट्दै नारायणी रङ्गशालाका लागि आवश्यक बजेट व्यवस्था गर्न माग गरेको हो ।

खानेपानी मन्त्री यादवले आफ्नो गृहजिल्ला नारायणी रङ्गशालाको गौरवशाली इतिहास र पहिचान रहेकाले पनि यथाशीघ्र मर्मतको काम अघि बढाउन अनुरोध गर्नुभएको भएको जनाइएको छ । "नारायणी रङ्गशालाको जीर्णोद्धारका लागि जग्गा विवाद समाधान गर्न आवश्यक मुआब्जा वितरण प्रक्रिया अघि बढाउन पनि जरुरी देखिएको छ", उहाँले भन्नुभयो, "हामी एकापसमा समन्वय गरेर सहकार्य पनि गर्न सक्नेछौँ ।" युवा तथा खेलकुद मन्त्री चौधरीले वीरगञ्जको इतिहाससँग जोडिएको नारायणी रङ्गशालाको पुनःनिर्माणका लागि आफूले हरेक सम्भव पहल गर्ने प्रतिबद्धता जाउनुभयो । उहाँले जग्गा विवाद समाधान गर्न मुआब्जा वितरण प्रक्रिया अघि बढाउन पनि अर्थ मन्त्रालयसँग समन्वय गर्ने जानकारी दिनुभयो ।

> अध्यक्ष सिंहले नारायणी रङ्गशालासँगै रहेको नारायणी क्रिकेट मैदानलाई पनि व्यवस्थित गराउनका लागि अनुरोध गरेको बताउनुभयो । रङ्गशालामा करिव ३५ हजारभन्दा धेरै दर्शक अट्ने प्याराफिट छ । हाल रङ्गशाला वरपरका पर्खाल भत्किएर जीर्ण अवस्थामा छन् ।

पर्सा क्रिकेट सङ्घका अध्यक्ष अध्यक्ष मनिष सिंहले २०४२ सालमा निर्माण भएको रङ्गशाला मर्मतसम्भारको अभावमा अहिले जीर्ण अवस्थाबाट गुज्रिरहेको बताउनुभयो । "नारायणी रङ्गशाला १८ विघा क्षेत्रफलमा फैलिएको छ । तर, पुरानो प्याराफिट ठाउँ-ठाउँमा भत्किएर कामै नलाग्ने अवस्थाबाट गुज्रिरहेको छ", उहाँले भन्नुभयो, "जतिसक्दो चाँडो नारायणी रङ्गशालाई पहिलाकै अवस्थामा फर्काउन जरुरी भइसकेको छ ।"

अध्यक्ष सिंहले नारायणी रङ्गशालासँगै रहेको नारायणी क्रिकेट मैदानलाई पनि व्यवस्थित गराउनका लागि अनुरोध गरेको बताउनुभयो । रङ्गशालामा करिव ३५ हजारभन्दा धेरै दर्शक अट्ने प्याराफिट छ । हाल रङ्गशाला वरपरका पर्खाल भत्किएर जीर्ण अवस्थामा छन् । राष्ट्रिय खेलकुद परिषद्ले पाँच वर्षअघि रङ्गशालाको जीर्णोद्धार र पुनःनिर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन(डीपीआर ) समेत निर्माण गरेको थियो । तर, बजेट अभावकै कारणले काम अघि बढ्न सकिरहेको छैन ।रासस

# विद्युत् पूर्वाधार निर्माणमा सफलता : सबस्टेसन क्षमता १३ हजार एमभिए पुग्यो

काठमाण्डु । विद्युत् पूर्वाधार निर्माणमा पछिल्ला दिनमा उल्लेख्य प्रगति भएको छ । जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् एक ठाउँबाट अर्को ठाउँमा लैजान निर्माण गरिएका प्रसारण लाइन सञ्जाल छ हजार सर्किट किलोमिटर पुगेको छ ।

नेपाल विद्युत् प्राधिकरणले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८०/८१ सम्ममा ४००, २२०, १३२ र ६६ केभी प्रसारण लाइनको लम्बाइ छ हजार पाँच सय सात सर्किट किलोमिटर पुगेको छ ।

कूल प्रसारण लाइनमध्ये सबैभन्दा बढी १३२ केभी चार हजार एक सय ३६ सर्किट किलोमिटर र सबैभन्दा कम ६६ केभी पाँच सय १४ सर्किट किमी छ । कूल ४०० केभी प्रसारण लाइन छ सय ४४ सर्किट किमी छ । आव २०७२/७३ सम्ममा दुई हजार नौ सय ११ सर्किट किमी मात्र प्रसारण लाइन थियो ।आव २०७३/७४ मा तीन हजार तीन सय ६४, आव २०७४/७५ मा तीन हजार पाँच सय ३८, २०७५/७६ मा तीन हजार नौ सय ९० र आव २०७६/७७ मा चार हजार दुई सय ६९ सर्किट किमी प्रसारण लाइन थियो । त्यस्तै, २०७७/७८ मा चार हजार आठ सय ७४, २०७८/७९ मा पाँच हजार तीन सय २९ र २०७९/८० मा पाँच हजार सात सय ४२ सर्किट किमी प्रसारण लाइन थियो ।

ग्रिड सबस्टेसनको क्षमता १३ हजार ५० एमभिए (मेगा भोल्ट एम्पियर) पुगेको छ । आव २०७२/७३ मा दुई हजार दुई सय २३ एमभिए मात्र रहेको ग्रिड सबस्टेसन क्षमता गत आवसम्ममा १३ हजार ५० पुगेको हो । यसमा ४००, २२०, १३२, ६६ र ३३ केभी क्षमताका सबस्टेसन रहेका छन् । प्रसारण लाइन तथा सबस्टेसन



निर्माणमा सरकार र प्राधिकरणले ठूलो लगानी गरेका छन् । प्राधिकरणले आफ्नै स्रोतबाट र विकास साझेदार निकायबाट सहुलितपूर्ण ऋण लिएर प्रसारण लाइनमा लगानी भइरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आठ वर्षको अवधिमा प्रसारण लाइन निर्माणमा गुणात्मक फड्को मारिएको बताउनुभयो । "स्थानीयको अवरोध, जग्गा अधिग्रहण, वन क्षेत्रको जग्गा प्रयोग तथा रुख कटान स्वीकृतिको प्रक्रियागत झन्झट, सडक पनि नभएका भौगोलिक रुपमा अत्यन्तै जोखिमयुक्त र कठिन क्षेत्रमा काम गर्न निर्माण सामग्री मान्छे, खच्चड र हेलिकप्टरबाट ढुवानी गर्नुपर्नेजस्ता चुनौतीपूर्ण अवस्थालाई पार लगाउँदै प्रसारण लाइन निर्माणमा उल्लेख्य प्रगति हासिल भएको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।सो अवधिमा ४००, २२० र १३२ केभीका धेरै प्रसारण लाइन निर्माण सम्पन्नगरी सञ्चालनमा ल्याइएको छ । यस्तै, १३२ केभी प्रसारण लाइनबाट चलिरहेको नेपालको राष्ट्रिय प्रणाली हाल ४०० केभी र २२० केभीबाट चल्न थालेको छ ।

कार्यकारी निर्देशक घिसिङले बुटवलबाट पश्चिम अत्तरियासम्म चार सय केभी प्रसारण लाइन र देशका प्रमुख लोडसेन्टरहरु भएर जाने दक्षिण करिडोर प्रसारण लाइनका लागि विभिन्न दातृ निकायबाट लगानी सुनिश्चितगरी निर्माण प्रक्रिया अगाडि बढाइएको बताउनुभयो । देशका प्रमुख सहरलाई ११ वटा क्लस्टरमा विभाजनगरी सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयारगरी क्रमिक रुपमा कार्यान्वयनमा लगिएको उहाँले उल्लेख गर्नुभयो ।

भारतसँगको विद्युत् व्यापारका लागि करिब दुई हजार पाँच सय मेगावाट विद्युत् प्रवाह गर्नसक्ने नयाँ बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणाधीन छ । यता नेपाल-भारतबीचको विद्युत् आयात निर्यातका लागि आठ वर्षअघि करिब ३५० मेगावाट विद्युत् प्रवाह गर्नसक्ने प्रसारण लाइन क्षमता रहेकामा हाल करिब दुई हजार मेगावाट पुगेको छ ।इनरुवा-पूर्णिया र लम्की-बरेली ४०० केभी प्रसारण लाइन कार्यान्वयनका चरणमा छन् । साथै, नेपाल र भारतबीच थप प्रसारण लाइन निर्माणको सम्भाव्यता अध्ययन भइरहेको छ । नेपाल, भारत र बङ्गलादेशबीचको विद्युत् व्यापारलाई थप सहज बनाउन इनरुवाबाट अनारमणिसम्म ४०० केभी प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढाइएको छ ।

यसरी, सन् २०३५ सम्ममा २० हजार मेगावाट विद्युत् निर्यात गर्नसक्ने प्रसारण लाइन सञ्जाल विस्तार हुने सुनिश्चित गरिएको छ । छिमेकी देश चीनसँगको विद्युत् व्यापारका लागि पनि चिलिमे-केरुङ प्रसारण लाइन अगाडि बढाइएको छ ।विद्युत् आपूर्तिलाई भरपर्दो, गुणस्तरीय र सुरक्षित बनाउन वितरणतर्फ पनि ठूलो लगानी परिचालन गरिएको छ । ग्रिड सबस्टेसनबाट उपभोक्ताकोसम्म विद्युत् पुऱ्याउन ३३ तथा ११ केभी र ४०० भोल्टका वितरण लाइन सञ्जाल दुई लाख ९ हजार सर्किट किमी पुगेको छ ।

आव २०७२/७३ सम्ममा वितरण लाइन एक लाख २१ हजार सर्किट किमीमात्र थियो । त्यतिबेला ५८ प्रतिशत विद्युतीकरण थियो भने हाल ९९ प्रतिशत पुगेको छ । कूल वितरण लाइनमध्ये सबैभन्दा बढी ४०० भोल्टको वितरण लाइन एक लाख ५० हजार सर्किट किमी रहेको छ ।वितरणतर्फको सबस्टेसनको क्षमता दुई हजार पाँच सय एमभिए पुगेको छ । वितरण सबस्टेसनको संख्या एक सय ९६ वटा छ । आठ वर्षअघि सबस्टेसनको संख्या ८० वटा मात्र थियो । क्षमता छ सय ४० एमभिए मात्र थियो ।रासस

# स्थानीय तहमा महिला सहभागितालाई वृद्धि गर्नुपर्छः पूर्वमन्त्री गुरुङ

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा पूर्वसहरी विकासमन्त्री सीता गुरुङले स्थानीय तहमा महिला सहभागितालाई वृद्धि हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

'एनसी वुमन लिडरसिप फोरम' द्वारा मंगलबार ललितपुरमा आयोजित निर्वाचन प्रणालीमा महिलाको समान सहभागिताः वर्तमान सवाल र महिला प्रतिनिधित्वको सुनिश्चितता' विषयक वाग्मती प्रदेशस्तरीय एकदिने प्रशिक्षण कार्यक्रममा मन्तव्य राख्नुहुँदै पूर्वमन्त्री गुरुङले सङ्घीय तहमा मात्रै महिलाको प्रतिनिधित्व हुँदा त्यसले साथर्कता पाउन नसकेको भन्दै स्थानीय तहको नेतृत्वमा निर्वाचित हुने महिलाको सङ्ख्या वृद्धि गर्नुपर्ने बताउनुभएको हो ।

"महिलालाई राजनीतिमा स्थापित गर्दै निर्वाचन प्रणालीमा महिलाको समान सहभागिताका लागि पाँच 'स' अर्थात् समानता, सहभागिता, सामाजिक सुरक्षा, सामाजिक न्याय र सशक्तीकरण आवश्यक छ, स्थानीय तहमा महिलाको प्रतिनिधित्व नहुँदासम्म सङ्घीय तहमा मात्रै भएर केही पनि हुँदैन, आन्दोलनमा महिलाको नेतृत्व आवश्यकता हुने र आन्दोलनपछि महिलालाई विर्सने पद्धतिले पछाडि पारिरहेको छ, हामी अब निगाहको राजनीतिबाट मुक्त हुनुपर्छ, महिलाले नै महिला नेतृत्वलाई स्वीकार गर्ने वातावरण बन्नुपर्छ", पूर्वमन्त्री गुरुङले भन्नुभयो ।

उहाँले संविधान, निर्वाचन ऐन र पार्टीको विधानमा उल्लेख भएका उपलब्धिलाई कार्यान्वयन गराउन महिला एकजुट भएर ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।"हामीले लैङ्गिक कारणले सृजित विभेद अन्त्यका लागि आवाज उठाउनुपर्छ, स्रोतको अवसर र पहुँचमा ध्यान दिनुपर्छ, बहिस्करणमा पारिएको पक्षलाई मूलधारमा ल्याउन ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो । यसका लागि पार्टीभित्र, संवैधानिक निकाय, राजनीतिक तहमा छुट्टाछुट्टै तरिकाले दबाब दिन आवश्यक रहेको उहाँको भनाइ थियो ।

न्यायिक क्षेत्रमा, संवैधानिक आयोगहरु, सामाजिक सङ्घसंस्थाहरु, निजामती कर्मचारी प्रशासन क्षेत्रभित्र पनि महिलाको प्रतिनिधित्वको अवस्थालाई



पनि ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले नेपाली कांग्रेसभित्र चार तहमा संसदीय बोर्ड रहेको र त्यहाँ पनि महिलाको सहभागिता बढाउन आवश्यक छ भन्नुभयो । उहाँले महिला मन्त्रालय, महिला आयोगलगायत महिलाका लागि कानुन बनेपछि महिला केन्द्रित बजेट र कार्यक्रम बन्न सकेको अवस्था नरहेको धारणा राख्नुभयो ।

कांग्रेस केन्द्रीय सदस्य नानु बाँस्तोलाले पार्टीले पाँच लाख क्रियाशील सदस्यता थप्ने नीति लिएको जानकारी गराउँदै त्यसमा महिलाको संख्या वृद्धिका लागि लाग्नुपर्ने बताउनुभयो ।"पार्टीको १३औं महाधिवेशनमा १४ प्रतिशत र १४औं महाधिवेशनमा २५ प्रतिशत क्रियाशील सदस्य हुनुहुन्थ्यो, अब पाँच लाख नयाँ क्रियाशील बढाउने लक्ष्य हुँदा हामीले ५० प्रतिशतको हाराहारीमा क्रियाशील सदस्यता लिने महिला पुऱ्याउन लाग्नु आवश्यक छ, महिलालाई नेतृत्वमा पुऱ्याउन सबै एकजुट हुनुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो ।

नेपाली कांग्रेस ललितपुरका सभापति जीतेन्द्रकुमार श्रेष्ठले महिला सक्रिय भएको स्थानमा राजनीतिक सफलता हासिल हुने भन्दै आगामी दिनमा ५० प्रतिशत सुनिश्चितता लागि एकजुट भएर लाग्न आग्रह गर्नुभयो । उहाँले नेपाली कांग्रेसले विधान संशोधन गरेर १५औं महाधिवेशनमा उपसभापतिलगायतका पदाधिकारीको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुयाँलले आसन, भाषण र शासनमा महिलाको उपस्थिति बढाउन आवश्यक रहेको बताउनुभयो । ललितपुर महानगर पूर्वउपप्रमुख एवं नेपाली कांग्रेसको महासमिति सदस्य गीता सत्याललले महिलाको राजनीतिकस्तर अभिवृद्धि गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान स्थापित गर्नसक्ने महिला नेतृत्व निर्णायक तहमा स्थापित गर्न यो प्रशिक्षण महत्वपूर्ण हुने बताउनुभयो ।रासस


# स्थानीय तहमा उपनिर्वाचनको तयारी

काठमाण्डु । निर्वाचन आयोगले स्थानीय तहमा उपनिर्वाचनको तयारी सुरु गरेको छ । नगरपालिका प्रमुख, उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष गरी रिक्त रहेका ३४ पदका लागि उपनिर्वाचनको तयारी सुरु भएको जनाएको छ ।

आयोगले मंगलबार एक सूचना जारी गर्दै उपनिर्वाचनका लागि मतदाता नामावालीमा नाम दर्ता गर्न आह्वान गरेको छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम रिक्त पदमा पदावधि एक वर्षभन्दा बढी रहेको अवस्थामा उपनिर्वाचन हुने व्यवस्था छ । आयोगका प्रवक्ता रघुराम विष्टले गाउँपालिका तथा नगरपालिकाका यस्ता पदहरू रिक्त हुँदा आम नागरिकलाई सेवा प्राप्तिमा असुविधा हुने विषयलाई समेत मध्यनजर गर्दै उपनिर्वाचनका लागि आयोगले आन्तरिक तयारी गरिरहेको जानकारी दिनुभयो ।

"निर्वाचनका लागि मतदाता नामावली आधारभूत तत्व रहेको र मतदाता नामावली ऐन, २०७३ को दफा ४ (२) बमोजिम निर्वाचनको मिति तोकिएपछि मतदाता नामावलीमा नाम दर्ता स्थगित गर्नुपर्ने कानूनी व्यवस्था छ", सूचनामा भनिएको छ, "उपनिर्वाचनको मिति घोषणा गर्नुपूर्व मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्न सबैमा आग्रह गर्दछ ।"रासस






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

## कुपोषणविरुद्ध अभियान चलाउ

मधेश प्रदेशमा कुपोषणको भयावह समस्या देखिएको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पतालको पछिल्लो दुई आर्थिक वर्षको तथ्यांक अनुसार झण्डै ४० प्रतिशत बालबालिका कुपोषित देखिएका छन् । कुपोषित बालबालिकामा क्षयरोग(टीबी)को समस्या झन् जटिल देखिएको छ । दलित, पिछडिएका र विपन्न परिवारका बालबालिकाहरुमा कुपोषणको गम्भीर समस्या देखिएको छ । अस्पतालमा उपचारका लागि आउने बालबालिकाहरु मध्ये ४० प्रतिशतमा कुपोषणको समस्या देखिएको छ । कुपोषित बालबालिकाहरुमा प्रमुखरुपमा क्षयरोगको समस्या देखिएको छ । तर स्वास्थ्य सम्बन्धी अन्य जटिलता पनि रहेको अस्पतालको तथ्यांकमा देखाइएको छ । मधेश प्रदेशको राजधानी धनुषा जिल्ला रहेको छ । मधेश प्रदेशबाट रोजगारीका लागि विदेश जानेहरुको संख्या देशैभरि अधिक रहेको छ । तर बालबालिकामा देखिएको कुपोषण सम्बन्धी समस्याले गरिबको आर्थिक अवस्था झन् कमजोर भएको हुनुपर्छ । अथवा, विपन्न, दलित, पिछडिएका समाजमा बालबालिकाहरुको स्वास्थ्यप्रति सचेतनामा कमी रहेको हुनुपर्छ । गर्भवती महिलाको आहार, बच्चा जन्मिएपछिको आहारमा राम्ररी ध्यान नदिए बालबालिका कुपोषित हुने गर्छ । अन्य पनि थुप्रै कारणहरु हुन सक्छ । तर प्रमुख रुपमा गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण, खानपान, बच्चा जन्मेपछिको स्वास्थ्य परीक्षण र खानपान सम्बन्धी दलित, पिछडिएका विपन्न परिवारहरुमा जानकारी नहुन सक्छ । अथवा, आर्थिक अभावमा उनीहरुले आफ्नो र बच्चाको स्वास्थ्यप्रति समुचित ध्यान दिन नसकेको हुनुपर्छ । मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार वर्षमा मधेश प्रदेशमा १ लाख ४० हजार बच्चा जन्मिने गरेका छन् । त्यसमा जीवित बच्चामध्ये प्रति हजार ३३ र नवजात शिशु मृत्युदर २१ रहेको छ । त्यो मृत्युको कारण पनि कुपोषण रहेको तथ्यांकमा उल्लेख छ । कुपोषण हटाउन प्रदेश सरकारले १० करोड बजेट विनियोजन गरेको र वडास्तरसम्म कार्यक्रम चलाइएको जनाएको छ । कुपोषित भत्ता मासिक ४ सय रुपैयाँ पनि उपलब्ध गराइएको छ । तर पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । सन् २०३० सम्म मधेश प्रदेशले ५ वर्ष मुनिका बालबालिकाहरुको मृत्युदरलाई प्रति हजार २४ मा झार्ने लक्ष्य लिएको छ । तर हालको अवस्थाले लक्ष्य प्राप्ति चुनौतीपूर्ण बनेको छ । लक्ष्य प्राप्तिका लागि कुपोषण हटाउन आवश्यक छ । हाल भइरहेको कार्यक्रमको प्रभावकारिता बढाउनु पर्छ । थप कार्यक्रमहरु सञ्चालनमा ल्याउनु पर्छ । बालमृत्यु दरलाई कम गर्नै पर्छ । कुपोषणविरुद्ध सशक्त र प्रभावकारी अभियान चलाउनु पर्छ ।

# विवाह हुँदा दुबै जोडीको रगत समूह परीक्षण आवश्यक



चन्द्रकिशोर प्रसाद साह


विवाह एक सामाजिक वन्धन हो जसमा दम्पत्तिबीच सौहार्द वातावरण तयार गरिएको हुन्छ । विगतमा मानिसहरुद्वारा विहे गरिंदा विभिन्न कुण्डली, उपजाती, आदि मिलाउने गरिन्थ्यो भने आजभोली रगत समूह, रेशश तत्व (बडी) सुहाउँदो मिलाएर मात्र शादी (विवाह) गर्न थालिएको देखिन्छ जसलाई सकारात्मक रुपमा लिनुपर्दछ । यसरी विहे हुँदा वरवधु (केटीकेटा) को रगत समूह टेष्ट गराएर सामाजिक वन्धनमा बाँधिनु कतिको सुहाउँदो हुने सम्वन्धमा विभिन्न अप्ठ्यारो हुने, सोध्न झर्को मान्ने गरिएको पनि देखिन्छ । तापनि तत्सम्वन्धमा समान्य जानकारी हुनुपर्दछ । साथै आफ्नो रगत कसलाई दिन सकिने र कोबाट आफू रगत लिन सकिने सम्वन्धमा पनि ज्ञात हुनुपर्दछ । यसको लागि समय मै रगत समूह परीक्षण गराउनु पर्दछ । विश्वव्यापी रुपमा रगत ए २२%, बी ३३%, एबी ५% र ओ ४०% मानिसमा पाइन्छ ।

रगत अदान प्रदानको आधारमा व्यवहारिक रुपमा मुख्यतः ए.बी.ओ. र आर.एच. रगत समूह गरी २ भागमा बाँड्ने गरिन्छ । (क) ए.बी.ओ. रगत समूहः आर.बी.सी. (रातो रक्तकण) को सतहमा एन्टिजेनको आधारमा, रगतलाई ४ (ए, बी, एबी र ओ) समूहमा बाँडिन्छ (ख) आर.एच. रगत समूहः रगतलाई दुई समूहमा वर्गीकरण गरिन्छ । रातो रक्त कणको सतहमा डी एन्टिजेन हुनुलाई पोजिटिभ हो भने नहुनुलाई निगेटिभ रगत भनिन्छ ।

विश्वको अवस्था हेर्दा पश्चिमी मुलुकमा ८० देखि ८५ प्रतिशत मानिसहरु पोजिटिभ अनि १५ देखि २० प्रतिशत मानिसहरु निगेटिभ रगत समूहका पाइन्छन् । भारतमा ९३ प्रतिशत पोजिटिभ र ७ प्रतिशत निगेटिभ पाइन्छन् भने नेपालमा ९५ प्रतिशत पोजिटिभ र ५ प्रतिशत निगेटिभ मानिसहरु देखिन्छन् । यो एन्टिबडी र एन्टिजेनको प्रतिकृयाको आधारमा पूरा गरिन्छ । रातो रगत कणको सतहको एन्टिजेन र रेडिमेड एन्टिसेराको एन्टिबडीको बीचमा प्रतिकृया हुँदा रगत चाँहि फाटेर दानाजस्तो देखिनु एग्लुटिनेशन हुनु हो । ओ निगेटिभ रगत समूह चाँहि युनिभर्सल डोनर (दाता) हो जसले सवैलाई रगत दिन सक्छ किनकि त्यसको रगतमा नत ए एन्टिजेन वा नत बी एन्टिजेन वा नत डी एन्टिजेन छ । यसैगरी एबी पोजिटिभलाई युनिभर्सल रेसिपिएन्ट (प्रापक) भनिन्छ जसले जसको पनि रगत लिन सक्छ । यसबाहेक आफ्नै रगत समूह भएका मानिसलाई रगत दिन सकिने वा लिन सकिने हुन्छ । जस्तैः ए रगत समूहले ए रगत समूहका मानिसलाई दिन सक्ने वा त्यसबाट लिन सक्ने हुन्छ भने बी रगत समूहले बी लाई दिन सक्ने वा बीबाट लिन सक्ने हुन्छ । यसरी निगेटिभले पोजिटिभलाई रगत दिन सक्छ तर पोजिटिभको रगतलाई निगेटिभले लिन सक्दैन । पोजिटिभले पोजिटिभलाई मात्र दिन सक्छ । आमा बुवाबाट आफ्ना सन्ततीहरुमा रगत समूह, आएएच फ्याक्टर सर्ने गर्दछ ।

आधुनिक युगमा वंशाणुगत रोगबाट बच्न बचाउन जिनेटिक्स (आनुवंशिकशास्त्र) विचार गरेर विहेवारीको कार्य प्रक्रिया विकसित देशहरुमा अपनाउने गरेको देखिन्छ । अब हाम्रो यहाँ पनि रगत समूह मिलाएर गर्नुपर्ने कुरामा जोड दिन थालिएको पाइन्छ । यसरी मेण्डल र गाल्टनले जिनेटिक्स वा अुनवंशिक विज्ञानको आधारभूत सिद्धान्त १९औं शताव्दीको नजिकतिर प्रतिपादन गरेता पनि व्यापकता लिएको पाइन्न । वंशाणुगत गुण मापन गर्ने एकाई जीन हो जसको रासायनिक नाम डी.एन.ए. हो । पैत्रिक गुण डी.एन.ए. मार्फत छोराछोरीमा ९०% सर्ने र १० प्रतिशत वातावरणवाट सिक्ने गरिन्छ । यदि गोरो, तेज, फुर्तिलो आमावुवा भए छोराछोरी पनि गोरै, तेजै हुन्छन् । डी.एन.ए. ले नै उचाई, रंग, वजन, आयु, पाइँदैंन । अटोजोमलाई लम्बाइ, आकारको आधारमा ७ भागमा बाँडिन्छ जसमा ग्रुप सी मा ६-१२ जोडी क्रामोजोमसँगै एक्स क्रोमोजोम र ग्रुप जी मा २१-२२ जोडी क्रोमोजोमसँगै वाई रहने गर्दछ ।

यौन सम्पर्कपछि निषेचित अण्ड बन्ने जुन कोष विभाजन भएर ३० घण्टामा २, ५० घण्टामा ४, ७२ घण्टामा ८ वटा कोषहरु बन्दै नयाँ गर्भको उत्पति हुन्छ । पैत्रिक गुण डोमिनेन्ट वा बलियो र रिसेसिभ वा कमजोर गरी २ तरीकाले सर्दछ । यदि एउटै गुणको लागि आमावुवाबाट बलियो जीन आए उक्त गुण देखिन्छ । यदि एकबाट बलियो र अर्को दम्पतिबाट कमजोर जीन आएमा बलियो जीन झैं गुण हुने र यदि दुवैको कमजोरै जीन भएमा फरक गुणको अंग, रंगरुप तयार हुँदछ । जस्तैः कृष्ण भगवानको आमावुवा गोरो र उहाँ चाँही कालो जन्मिए । जीनोटाइपको भएमा त्यसको जीवन स्थिर हुन्छ भने फिनोटाइपको भएमा उचाई, वजन, मांसपेशी, शारीरिक आकृति शिशुदेखि वयस्कसम्ममा परिवर्तन हुन सक्छ ।




मुटुदर, रक्तचाप, खराब/राम्रो गुण आदि निर्धारण गर्दछ । जीन प्रायः स्थिर हुन्छ । तर कहिलेकाँही सामान्य जीनमा पनि विकृति भई उत्परिवर्तन हुन्छ । शारीरिक लक्षण आमाबुवाबाट सर्दछ भने भावनात्मक प्रवृति वातावरणबाट पनि तय हुन्छ । क्रोमोजोमको प्रोटिनको मात्रा फरक गरेर वंशाणुगत गुणमा परिवर्तन गर्न सकिन्छ ।

सामान्यतया प्रत्येक वर्गका लागि निश्चित क्रोमोजोम (गुणसूत्र) हुन्छ । जस्तैः मानिसमा ४६, झिंगामा ८, भ्यागुतोमा २६, मुसोमा ४०, आलुमा ४८, प्याजमा १६, ऊखुमा ८० वटा हुन्छ । मानिसको प्रत्येक क्रोमोजोममा ८० हजारदेखि १ लाख २० हजार डी.एन.ए. हुने जसले वंशाणुगत गुण सार्दछ । महिला पुरुषबीच यौन संसर्ग भएपछि २२+१/२२+१ गरी ४४ अटोजोम र २ सेक्स क्रोमोजोम (एक्स, वाई) गरी ४६ वटा गुणसूत्र मिलेर नर्मल शिशु तयार हुन्छ । अटोजोमले रंगरुप, आकृति, बनावट आदि तयार गर्दछ भने सेक्स गुणसूत्रले छोरा वा छोरी जन्मिने तय गर्दछ । महिलाको सामान्य कोष न्युक्लियस (एक्स) वरिपरि डार्कस्टेन रहने जुन बार बडी वा सेक्स क्रोम्याटिन हो जुन सामान्य पुरुषमा

३ वटा सिद्धान्त (लव अफ युनिट क्यारेक्टर/जीन, डोमिनेन्स एण्ड सेपेरेशन) मा वंशाणुगुण सर्दछ । मानिसमा अपरिपक्व मांसपेशीय कुपोषण विकासको लागि ३ प्रकारको जीन पहिचान गरिएको छः सेक्स लिंक्ड रिसेसिभ, अटोजोमल रिसेसिभ एण्ड अटोजोमल डोमिनेन्ट जीन । मानिसको गुणसूत्रको संख्या, संरचना निम्न कारणले समय समयमा परिवर्तन भैरहन्छ । जस्तैः कोष झिल्ली त्रुटिपूर्ण विभाजन हुनु, गुणसूत्र संख्या बरावर नभएर टाँसिनु, एउटै गुणसूत्रमा केही जीन दोहोरिएर देखिनु, गुणसूत्रको खण्ड विपरीत भई जीनको क्रम परिवर्तन हुनु, गुणसूत्र लम्बियको सट्टा समतलीय विभाजन हुनु, फरक गुणसूत्र मिश्रित भई बडी कोष बन्नु, आदि । त्यस्तै ,वंशगत विकृति ३ प्रकारका हुन्छन्ः (१) अनियमित क्रोमोजोम (२) मेण्डेलियन रोग (३) बहुपक्षीय विकृति जस्तैः उच्चरक्तचाप, सुस्तमनस्थिती, विखण्डित मनस्थिती (सिजोफ्रेनिया), हृदयघात, मधुमेह, केही क्यान्सर आदि सर्ने र वढावा दिने तत्वहरुमा धुम्रपान, मोटोपना, भोजन, व्यायाम पर्दछन् ।

दीर्घायु, वुद्धि, शारीरिक क्षमता आदि वंशाणुगत रुपमा कस्तो हुने कुरा निश्चित भएता पनि बाहिरी वातावरण जस्तैः कुपोषण, संक्रमण, युद्ध आदिले स्वास्थ्यमा असर पुर्याउँछ । अतः जीवनसाथी छनौट गर्दा योग्यता, शिक्षा, ज्ञानसीप, सामाजिक अवस्था, इच्छा, चरित्र, माया, पारिवारिक सम्मति, तन्दरुस्ती, उचाई, वजन, रगत समूह आदि हेर्नुका साथै फरक वातावरण, जात एवं धर्मलाई पनि प्राथमिकता दिनुपर्दछ । देशको सर्वाङ्गीण विकास निर्माणमा टेवा पुर्याउने कर्णधारक उत्पादनहेतु सरकारले जातपात, छुवाछुत, धार्मिक, रुढिवादि पछौटेपन संस्कारमा सुधार ल्याउन दलित पिछडिएको वर्गसित विहे गर्दा १ लाख दिने घोषणा गरे पनि प्रभावकारी देखिदैन ।

ठूला उच्च वर्गमा आफना थर मिल्नेसित वा कतिपय स्वजातीयमा विहे गरिदैन । हुनत रगतजन्य रोगबाट बच्नबचाउन ठीक पनि हो । कम्तिमा ७ पिंढि खलकमा विहे गरिनु उचित देखिदैन । साथै १० वर्ष भन्दा फरक उमेर हुनु हुँदैन किनकि शुक्राणु र डिम्ववीचको उमेर फरक भएमा राम्रो वच्चा जन्मिदैन । आफ्नै सगोत्रमा विवाह गर्दा सिकिल सेल एनेमिया (प्रायः १४ वा ४० वर्षको उमेरभित्र कुनै अँग फेल भएर मृत्यु), थालेसेमिया (विकृत हेमोग्लोविन बन्नु), एल्विनिज्म (तन्तुमा गहीनता) आदि रोग हुने गर्दछ ।

यदि गर्भे शिशु पोजिटिभ र आमाको रगत निगेटिभ भएमा शिशुको केही रातो रक्तकण साल पार गरी आमाको रगतमा प्रवेश गर्ने जहाँ आमाको एन्टिबडी उत्पादन शुरु भई पुनः उक्त रक्तकण शिशुमा फर्किन्छ र गम्भिर अवस्था भएमा पाठेघरमै मरेर गर्भ तुहिने गर्दछ । तर कम असर भए जन्डिस, रक्तअल्पता, शरीर सुन्निएको शिशु जन्मिन्छ । अतः विवाह गर्दा पोजिटिभले पोजिटिभसित र निगेटिभले निगेटिभसँग मात्र विहेगर्नु पर्दछ । यदि भैसकेको भए डाक्टरको सल्लाहअनुसार आर.एच. इम्युन-ग्लोव्युलिन खोप लिनुपर्दछ ।

जापानका तोशिताका नोभीअनुसार केटा बी र केटी ए बीचमा बिहे गर्दा बच्चा नजन्मिने वा जन्मिए पनि असन्तुलन मस्तिष्कको हुन्छ । केटा ओ र केटी ए वीचमा विहे भएमा तनावयुक्त वच्चा जन्मिन्छ । केटा बी र केटी एबी बीचमा विहे हुँदा बच्चा ह्रष्टपुष्ट, तेजिलो फुर्तिलो जन्मिन्छ । यस्तै केटा ओ र केटी बी बीचमा शादी गरिएमा तन्दरुस्त शिशु जन्मिनुका साथै दाम्पत्य जीवन पनि सुखमय हुन्छ । केटा ए र केटी ओ वीच भएमा वैवाहिक जीवन सामान्य नै रहन्छ । त्यसै केटा बी भएमा केटी पनि बी र यदि केटा ए भएमा केटी पनि ए नै सुहाउँदो हुन्छ । यसैगरी टेलिग्राफको रिपोर्टअनुसार केटा ए हो भने केटी बी र ओ सित बिहे गर्नुहुन्न । केटा बी हो भने केटी ए र ओसित गर्नुहुन्न । केटा एबी हो भने केटी ओ, ए र बी हुनु हुन्न । त्यसैगरी यदि केटी निगेटिभ भएमा केटा पोजिटिभसित गर्नु हुन्न र तर यदि केटा निगेटिभ भएमा केटी निगेटिभ वा पोजिटिभसित गर्न सकिन्छ । हुनत श्रीमान् श्रीमतिको जीवनमा फरक वा मिल्दो रगतबाट कुनै प्रभाव पर्दैन । तर छोराछोरीको हक केही फरकपन हुन सक्ने भएकाले कतिपय आमाबुवा चिन्तन मनन् गरी छोराछोरीको विवाह गर्दा धेरै कुराहरुको गन्थन मन्थनका साथै रगत समूह परीक्षणको सन्दर्भ उठाउने गरेको पाइन्छ । यसरी बढ्दो एचआईभी/एड्स, हेपाटाइटिस, आदिका कारण रगत परीक्ष अत्यावश्यक हुन थालेको बताइन्छ ।

# बर्सैनि विपद्को त्रास- कसबाट जोगिने आश !

**राजकुमार पराजुली**

यस वर्षको मनसुन सुरु भएयता काभ्रेपलाञ्चोकमा तीन बालबालिकासहित छजनाको बाढीले बगाएर मृत्यु भइसक्यो । गत असार २३ गते खोला तर्ने क्रममा बगाउँदा रोशी गाउँपालिका-१ का ४५ वर्षको कमल विकको मृत्यु भयो । अघिल्लो दिन साँझ परिवारसहित भुग्देउ खोला तर्ने क्रममा बगाएको र खोजी गर्दा असार २४ गते बिहान उनको शव दुई किलोमिटर तल फेला परेको थियो ।

यसअघि असार २१ गते शुक्रबार साँझ ७ बजे रोशी-११ स्थित भ्याकुरे खोला तर्ने क्रममा ६५ वर्षीया जालमाया रुजाल मगर र उहाँकै भदैनी बहिनी पाँच वर्षीया सेतिमाया रुजाल मगरको मृत्यु भएको थियो । प्रहरीका अनुसार खोला तर्ने क्रममा दुवैलाई बगाएको र तल्काल खोजतलास गर्ने क्रममा करिब नौ सय मिटर तल उनीहरुको शव फेला परेको थियो ।

यस्तै, यही साउन १२ गते रोशी खोलाले बगाउँदा रोशी गाउँपालिका-९ चिउरीबासका ४५ वर्षीया आरती लामाको मृत्यु भयो । शनिबार दिउँसो नुहाउन घरबाट निस्केकी आरतीलाई रोशी खोलाले बगाउँदा साँझको समयमा तेमाल गाउँपालिका-८ पानथलीस्थित रोशी खोलाको बगरमा डुबिरहेको अवस्थामा प्रहरीले शव फेला परेको जनायो ।

यसैबीच, मङ्गलबार मात्रै धुलिखेल नगरपालिका-५ स्थित पुण्यमाता खोलामा आएको बाढीले बगाएर रामेछापको खाँडादेवी गाउँपालिका-३ घर भई पनौती नपा-५ नैकिन्टार बस्ने ५० वर्षीया भगवती भागदासका मृत्यु भयो । प्रहरीका अनुसार उहाँलाई श्रीखण्डपुरस्थित ढलबाट बगाउँदा करिब तीन सय मिटर तल बिहान मृत अवस्थामा फेला पारिएको थियो ।

मनसुन सक्रिय भइरहँदा विपद्को उच्च जोखिममा रहेको काभ्रेपलाञ्चोकका हजारौं नागरिकमा त्रासदीपूर्ण मानसिकता घटेको छैन । विशेषगरी पहाडी भू-भाग रहेको काभ्रेपलाञ्चोकमा पहिरोको जोखिम अझ बढी नै छ । यहाँको जिल्लास्तरीय विपद् व्यवस्थापन समितिले मनसुनजन्य विपद्मा पाँच हजारभन्दा बढी परिवार प्रभावित हुनसक्ने प्रक्षेपण गर्दै आएको छ । जिल्लामा हुनसक्ने बाढी-पहिरो, चट्याङ तथा हावाहुरीजस्ता मनसुनजन्य विपद्का घटनाबाट साढे पाँच हजार घरपरिवार प्रभावित हुनेसक्ने अनुमान गरिएको जनाएको हो । काभ्रेपलाञ्चोक बाढी-पहिरो, डुबान, चट्याङ र हावाहुरीको उच्च जोखिम जिल्लामा पर्दछ ।

समितिका संयोजकसमेत रहनुभएका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाईंका अनुसार जिल्लामा मनसुनजन्य विपद्का विभिन्न घटनाबाट जिल्लाका पाँच हजार पाँच सय ९९ घरपरिवारका २६ हजार एक सय ७९ नागरिक प्रभावित हुनेसक्ने अनुमान गरिएको छ । पहाडी भू-भाग भएकाले बाढी-पहिरो तथा दुई ठूला नदी सुनकोशी र इन्द्रावती तथा स-सना नदी एवं खहरे खोलाहरुको कारण मनसुनजन्य विपद्ले हरेक वर्ष यो जिल्ला प्रभावित हुने गरेको छ ।

सोही अनुसार स्थानीय तहका विपद् व्यवस्थापन समिति तथा सरोकारवाला निकायसँगको सहकार्यमा पूर्वतयारी तथा प्रतिकार्यमा खट्न व्यवस्थापनमा लागिएको सेढाईं बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "विपद्जन्य घटनाबाट घरपरिवार तथा बस्ती स्थानान्तरण गर्नुपर्नेसम्म हुनसक्छ, त्यसका लागि हाम्रो साधन-स्रोतले भ्याएसम्म पूर्वतयारीमा जुटिरहेका छौं ।" गत असारमा एक हप्ताको समयमा जिल्लामा बाढीका कारण तीन बालबालिकासहित पाँच मृत्यु भएको थियो ।

समितिले घटनामा राहत तथा पुनःस्थापनाका लागि विपद् कोष परिचालन गर्ने, राहत तथा उद्धारका लागि आवश्यक सामग्रीका लागि जिल्ला आपत्कालीन सञ्चालन केन्द्र र समितिसँग समन्वय गरी सामग्री खरिद गरी तयारी अवस्थामा राख्न तथा स्थानीय तहलाई स्थानीयस्तरमा खुल्ला क्षेत्र र ठूलो भवन व्यवस्थापन गर्न समन्वय गरी तयारी अवस्थामा राख्न अनुरोध गरेको थियो । सोही अनुसार स्थानीय तहले आ-आफ्ना क्षेत्रमा व्यवस्थापन गरिरहेको जानकारी आएको प्रजिअ सेढाईंले बताउनुभयो ।

समितिले मनसुन तथा विपद्बाट प्रभावित हुनसक्ने स्थान पहिचान गरी सङ्कट अवस्थामा रहेका समुदाय एवं बस्तीहरुको पहिचान तथा र जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने, विपद् प्रतिकार्यका लागि अवश्यक पर्ने सामग्रीको सम्बन्धित सबै निकायले तयारी अवस्थामा राख्ने, एम्बुलेन्स, दमकल अन्तरस्थानीय तह समन्वय गरी परिचालन गर्नेलगायतको निर्णय गरेको छ ।

यसैबीच, विपद्जन्य घटना-अवस्थाको व्यवस्थापन गर्न जिल्लास्थित स्थानीय तह तथा सुरक्षाकर्मीद्वारा आपत्कालीन-विपद् पूर्व तयारीस्वरुप पाँचखालमा रहेको सशस्त्र प्रहरी बल नेपाल नं १५ गण हेडक्वाटरले विपद् प्रतिकार्यका लागि धुलिखेल र पनौतीस्थित आइटीपार्कमा 'अस्थायी बेस' बेस राखेको छ । धुलिखेल र आइटी पार्कमा निर्माणाधीन सुरक्षण मुद्रण प्रेस भवनमा बसेको टोलीले जिल्लाको मुख्य सहर बनेपा, पनौती, धुलिखेल, नमोबुद्धलगायत आसपासका स्थानीय तहमा हुने मनसुन-विपद्मा उद्धार गर्नेछ ।

उद्धार सामग्रीसहित सशस्त्र प्रहरी निरीक्षकको नेतृत्वमा २५/२५ सशस्त्र प्रहरी टोलीलाई उद्धारमा खटिन तयारी अवस्थामा राखिएको हो । गृहमन्त्रालयको निर्णयअनुसार पाँचखालमा रहेको हेडक्वाटरबाट रेखदेख तथा सञ्चालन हुने गरी उद्धारमा खटिनुपर्दाको अवस्थामा सडक र दूरीका हिसाबले पायक पर्ने स्थानमा छनोट गरी दुई स्थानमा अस्थायी बेस राखिएको जिल्लास्थित विपद् व्यवस्थापन समितिले जनायो ।

यस्तै, मनसुनका बेला काभ्रेपलाञ्चोकमा प्राकृतिक प्रकोप तथा हुनसक्ने विपद्जन्य घटना-अवस्थाको व्यवस्थापन गर्न जिल्लास्थित स्थानीय तह तथा सुरक्षाकर्मीद्वारा आपत्कालीन-विपद् प्रतिकार्यको तयारीसमेत गरेका छन् । तीन दिन तालिम दिएर रोशी गाउँपालिकाले विपद् प्रतिकार्य गर्न गत असारमा ५२ जना जनशक्ति तयार गरेको छ । रोशीका सबै वडा, रेडक्रसकर्मी, कर्मचारीसमेत गरी ५२ लाई तालिम दिएर विपद् प्रतिकार्यका लागि जनशक्ति तयार गरेको गाउँपालिकाले जनाएको हो ।

सेनाका अधिकारीद्वारा प्रदान गरिएको उक्त तालिमका जनशक्तिले गाउँपालिका र आसपासका क्षेत्रमा हुनसक्ने विपद्का घटनामा परिचालित हुने अध्यक्ष दिनेश लामा बताउनुहुन्छ । "विपद् व्यवस्थापनको काम सुरक्षा निकायको मात्र जिम्मेवारी नभई समुदायको पनि रहेकाले विपद्मा सहभागिता जनाउन तालिम सञ्चालन गरेका हौं, तालिममा विपद्मा 'फस्ट रेष्पोन्डर' मानिएको समुदायलाई विपद्पूर्व, विपद् र विपद्पश्चात् खेल्नुपर्ने भूमिकाबारे प्रशिक्षित गरिएको थियो", उहाँ भन्नुहुन्छ ।

यस्तै, जिल्लास्थित नेपाली सेनाको कालीजङ्ग गण धुलिखेलले सामुदायिक विपद् प्रतिकार्यका लागि काभ्रेपलाञ्चोकको १० स्थानीय तहमा ८० सामुदायिक विपद् प्रतिकार्य तालिम दिई विपद् प्रतिकार्य जनशक्ति तयार पारेको छ । तालिममा 'विपद्को परिचय र विपद् व्यवस्थापन चक्र, विपद् प्रतिकार्यका लागि आवश्यक सामग्री, सीप तथा कला, बाढी-पहिरो, डुबान, आगलागीजस्ता विपद्का घटनाको दौरान उद्धार गर्ने तरिका, प्राथमिक उपचार, स्थानीय स्रोत-साधनको प्रयोग गरी विपद् प्रतिकार्य गर्ने विधि र विपद्को समयमा आधुनिक उपकरणको प्रयोगका बारेमा जानकारी गराइएको गणका गणपति प्रमुख सेनानी प्रकाशबहादुर सिंहले जानकारी दिनुभयो ।

काभ्रेपलाञ्चोकका अधिकांश भू-भाग पहाडी क्षेत्र, जिल्ला भएर बग्ने तीन ठूला नदी विपद्को हिसाबले जोखिमयुक्त मान्दै आइएको छ । विपद्का घटनामा तत्काल उद्धारकर्मी पुग्न सम्भव नहुँदा कैयौं मानिसको ज्यान सक्ने सम्भावनालाई न्यूनीकरण गर्न स्थानीयद्वारा नै प्रतिकार्य गर्न सक्ने क्षमताको विकास गर्न तालिम दिइएको सिंहले बताउनुहुन्छ । विपद्का क्रममा उद्धारकर्मीको उपस्थिति बिना स्थानीयद्वारा 'फस्ट रेस्पोन्डर' का रुपमा स्थानीय तहका युवालाई क्षमताको विकास गरिएको हो । यस्तै, प्राथमिक उपचार तथा मेडिकलसम्बन्धी प्रशिक्षण र अभ्यास तथा शिक्षार्थीबाट 'डेमोन्स्ट्रेसन'समेत गरिएको थियो ।

> आर्थिक वर्ष २०८०/८१ मा तीन सय ६९ विपद्जन्य घटना भएका थिए । ती घटनामा १७ नागरिकको मृत्यु भएको जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ । केन्द्रका अनुसार बाढीले बगाएर १३, आगलागीबाट दुईको मृत्यु, आठ घाइते र करेन्ट लागी दुईजनाको मृत्यु भएको हो । त्यस आवमा जिल्लामा आगलागीका दुई सय ३५, पहिरोको ८४, जनावर आक्रमणको १८, चट्याङको दुई, १४ करेन्टको, अविरल वर्षाको दुई, बाढीको एक, बाढी-पहिरोको १२ घटना भएका थिए । जिल्लामा विपद्जन्य घटनामा छ सय ६२ परिवार प्रभावित बन्यो । सम्पूर्ण घटनामा एक हजार छ सय ४३ प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ ।

यसअघि काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका सशस्त्र प्रहरीद्वारा सुनकोशी नदीमा उद्धारको पूर्वाभ्यास गरेका थिए । संयुक्त पूर्वाभ्यासमा सशस्त्र प्रहरी अधिकृत तथा जवानद्वारा बाढीमा बगेको, डुबेको, पहिरो तथा बाढीमै फसेका व्यक्तिहरुलाई उद्धार गरिएको थियो । साथै, प्रहरी आफैं उद्धारका क्रममा बाढीमा फसेको र आफैं जोगिन सफल भएकोसमेत प्रदर्शन गरिएको थियो । गणले गत जेठमा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको सीमास्थल भएर बग्ने इन्द्रावती नदी 'मनसुन-४' नामक विपद् प्रतिकार्य अभ्यास गरेको थियो । गणले गत साल पनि 'मनसुन-३' नामाकरण गर्दै अभ्यासमा बगेको र डुबेको, पहिरोमा फसेको व्यक्तिको उद्धार प्रदर्शन गरेको थियो ।

विपद्को समयमा तत्काल सेवा दिनसक्ने गरी स्वास्थ्य संस्था, औषधि र जनशक्तिलाई तयारी अवस्थामा राख्न, विकास आयोजना सञ्चालन गर्दा र निर्माण सामग्री उत्पादन गर्दा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गरी मापदण्डको पूर्णपालना गर्नसमेत आग्रह गरिएको समिति संयोजक एवं प्रजिअ सेढाईं बताउनुहुन्छ । उहाँका अनुसार यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०८१ तर्जुमाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएअनुसार जिल्लाका स्थानीय तहसँग मागिएको मनसुनजन्य विपद्को प्रकृतिगत रुपमा सम्भावित स्थान र जोखिमको पूर्वानुमान विवरण आएका छन् भने सोहीअनुसार पूर्वतयारी गर्न स्थानीय तहलगायत सरोकारवाला निकायलाई भनिएको छ ।

यस्तै, स्थानीय तह, रेडक्रस, उद्योग वाणिज्य सङ्घ, राजनीतिक दल तथा सञ्चारकर्मी, सङ्घसंस्था तथा युवाको समेत विपद् न्यूनीकरणमा सक्रियता हुने गरी योजना निर्माण तथा आवश्यक तयारी गर्न निर्देशन दिंदै आएको समितिले जनाएको छ । आफ्नो क्षेत्रको भौगोलिक बनावट र प्रत्येक वर्ष मनसुनको समयमा उत्पन्न हुने बाढी, पहिरो तथा डुबानको दौरान प्रभावित सर्वसाधारण नागरिकलाई विपद्का घटनाबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनका क्षेत्रमा कार्य गर्ने सबै तहका निकायले समन्वयात्मक रुपमा विपद्को तयारी तथा प्रतिकार्य योजना बनाई प्रभावकारी ढङ्गले परिचालन हुने कार्यलाई निरन्तरता दिइने भएको हो ।

यसैगरी, समितिले सरोकारवाला निकायको जिम्मेवारी अनुसारको समन्वय बैठक सञ्चालन गर्ने, जिल्ला, स्थानीय तहको सम्पर्क व्यक्ति र जिम्मेवारी अद्यावधिक गर्ने, तालिम सञ्चालन गर्ने, विवरण सङ्कलन गर्नेलगायतका योजना निर्माण गरी कार्यान्वयन सुरु गरेको जनाएको छ । बैठकमा स्थानीय तहका प्रमुख तथा प्रतिनिधिले विपद्का क्षेत्रमा स्थानीय तहको जिम्मेवारीभित्र पर्ने आवश्यक दायित्व पूरा गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा तीन सय ६९ विपद्जन्य घटना भएका थिए । ती घटनामा १७ नागरिकको मृत्यु भएको जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ । केन्द्रका अनुसार बाढीले बगाएर १३, आगलागीबाट दुईको मृत्यु, आठ घाइते र करेन्ट लागी दुईजनाको मृत्यु भएको हो । त्यस आवमा जिल्लामा आगलागीका दुई सय ३५, पहिरोको ८४, जनावर आक्रमणको १८, चट्याङको दुई, १४ करेन्टको, अविरल वर्षाको दुई, बाढीको एक, बाढी-पहिरोको १२ घटना भएका थिए । जिल्लामा विपद्जन्य घटनामा छ सय ६२ परिवार प्रभावित बन्यो । सम्पूर्ण घटनामा एक हजार छ सय ४३ प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय धुलिखेलले जनाएको छ ।रासस

# ‘डेडिकेटेड र ट्रङ्कलाइन महसुलबारे लेखा समितिमा छलफल हुनु स्वभाविक’



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद तथा सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलले महालेखापरीक्षकको प्रतिवेदनले निरन्तर औँल्याइरहेको डेडिकेटेड र ट्रङ्कलाइनको विद्युत् महसुल बक्यौता असुल गर्नुपर्ने विषयलाई सार्वजनिक लेखा समितिले अध्ययनको विषय बनाउनु स्वभाविक र जायज रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको विशेष समयमा पोखरेलले लेखा समितिले अध्ययन थालेको विषयलाई अतिरञ्जित गर्न खोजिएको र अनावश्यक विवाद सिर्जना गरिएको बताउनुभएको हो । महालेखाको प्रतिवेदनले औँल्याएको बक्यौता र नेपाल विद्युत् प्राधिकरणले असुल गर्न खोजेको बक्यौता र प्राधिकरणले असुल गर्न खोजेको बक्यौता रकमबीच ठूलो अन्तर देखिएपछि लेखा समितिले हस्तक्षेप गरेको उहाँले उल्लेख गर्नुभयो । तर समितिले छानबिन

> “डेडिकेटेड र ट्रङ्कलाइनसम्बन्धी बेरुजु बक्यौताबारे विद्युत् प्राधिकरण र व्यवसायीबिचको विवाद के हो ? यो एजेन्डा लेखा समितिमा कसरी प्रवेश भयो ? यो छलफल गर्न आवश्यक थियो वा थिएन ? लगायतका प्रश्न उठाइएका छन्”, पोखरेलले भन्नुभयो, “महालेखाको ५६औँ देखि ६१औँसम्म लगातार यो बेरुजु बक्यौताको विषय उल्लेख छ ।

बक्यौता रकमबीच तादम्यता नदेखिएपछि त्यस विषयमा लेखा समितिले पनि अध्ययन थालेको उहाँको भनाइ छ ।

“महालेखाको ६१औँ प्रतिवेदनमा रु २१ अर्ब ८८ करोड बेरुजु बक्यौता देखिन्छ । प्रतिवदनेमा उल्लेखित बेरुजुमाथि समितिमा छलफल गर्नुपर्ने भनेर कुरा उठ्यो । व्यवसायीहरुबाट रु २१ अर्ब ८८ करोड उठाउनुपर्नेमा प्राधिकरणले जम्मा रु आठ अर्बको मात्रै विद्युत् बिल पठाइरहेको छ”, उहाँले संसदमा भन्नुभयो, “यो विषयमाथि छलफल हुनुपर्ने कुरा समितिमा उठेपछि प्रक्रिया थालिएको हो ।”

महालेखाले औँल्याएको महसुल थाल्दा त्यसलाई अतिरञ्जित पार्न खोजिएको र समितिको सभापतिको रुपमा आफ्नो चरित्र हत्या हुने गरी प्रचार गरिएको बताउनुभयो ।

“डेडिकेटेड र ट्रङ्कलाइनसम्बन्धी बेरुजु बक्यौताबारे विद्युत् प्राधिकरण र व्यवसायीबिचको विवाद के हो ? यो एजेन्डा लेखा समितिमा कसरी प्रवेश भयो ? यो छलफल गर्न आवश्यक थियो वा थिएन ? लगायतका प्रश्न उठाइएका छन्”, पोखरेलले भन्नुभयो, “महालेखाको ५६औँ देखि ६१औँसम्म लगातार यो बेरुजु बक्यौताको विषय उल्लेख छ । महालेखाका प्रतिवदेन संसदीय इतिहासमा संसारभरी कुन समितिमा छलफल हुन्छ र प्रतिवेदनमा उल्लेखित विषयवस्तु सार्वजनिक लेखा समितिले छलफल गर्छ ।” यो विषयमा समितिमा छलफल थाल्दा व्यक्तिको चरित्र हत्या गर्ने गरी अनर्गल प्रचार भएका कारण आफूले संसदमा बोल्नु परेको पोखरेलको भनाइ छ ।

महालेखाको प्रतिवेदनले औँल्याएको भन्दा फरक पर्नेगरी विद्युत् महसुल बक्यौता असुल गर्ने निर्णय कसरी भयो भनेर पनि उहाँले संसदमा प्रश्न गर्नुभयो । “एउटा मन्त्रिपरिषद्को बैठक दुईवटा आशयको पत्र कसरी हुनसक्छ ? यो सिङ्गो मुलुकको अन्तर्राष्ट्रिय बेइज्जत हुने अवस्था निर्माण कसले गर्‍यो ? करिब रु १६ अर्ब छुट दिने निर्णय कसरी भयो ? प्राधिकरण, सरकार र व्यवसायीको सेटिङमा आयोग निर्माण भयो ?”, उहाँले भन्नुभयो, “यस सन्दर्भमा रु १६ अर्ब छुट दिने क्रान्तिकारी र रु २२ अर्ब उठाउनुपर्छ भन्ने लेखा समिति सभापति भ्रष्टाचारी हुने कहाँको न्याय हो ?”

महालेखाले औँल्याएको विषयमा लेखा समितिले निर्णय गरेपछि मात्र त्यसबारे सरकारले निर्णय लिन मिल्ने पनि उहाँले स्पष्ट पार्नुभयो । “महालेखाले आफ्नो प्रतिवेदन राष्ट्रपतिमार्फत सदन पठाउने र सदनले सर्वाजनिक लेखा समितिमा पठाएको प्रतिवेदन समितिसँग समन्वय नगरी र समितिमा कुनै निर्णय नभई सरकारले कसरी छुट दिन सक्छ ? यो कहाँको नियम हो ?”, उहाँको प्रश्न छ ।रासस

# अध्यक्ष ‘प्रचण्ड’को नेतृत्वमा एकताबद्ध हुन आग्रह




काठमाण्डु । पछिल्लो राजनीति परिस्थितीलाई सही दिशामा अघि बढाउन र नेकपा (माओवादी केन्द्र) को गतिविधिलाई प्रभावकारी तुल्याउन अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा सङ्गठित हुनुपर्नेमा जोड दिइएको छ ।

माओवादी केन्द्रको स्थायी समितिको आजको बैठकमा आफ्ना धारणा राख्ने सबै सदस्यहरूले मुलुकको पछिल्लो राजनीतिक अवस्थालाई ख्याल गरेर पार्टी अध्यक्ष प्रचण्डको नेतृत्वमै एकताबद्ध आग्रह गर्नुभएको थियो ।

उहाँहरूले राष्ट्रिय तथा अन्तर ाष्ट्रिय घेराबन्दी तोड्नका लागि पनि पार्टी अध्यक्ष प्रचण्डले नै खास पहल लिनुपर्ने र उहाँको नेतृत्वको विकल्प तत्काल खोज्न नहुने धारणा राख्नुभएको पार्टी प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो ।पार्टी उपाध्यक्षसमेत रहनुभएका प्रवक्ता सापकोटाका अनुसार पार्टी नेताहरूले आफ्ना धारणा राख्ने क्रममा सत्ता गठबन्धनले संविधान संशोधनका उठाएको सन्दर्भमा पार्टी अध्यक्षलाई थप बलियो बनाउनुपर्नेमा विकल्प खोज्ने विषय उठाउनु गलत हुने बताउनुभएको थियो ।

बैठकमा खासगरी, उच्चस्तरीय जनवादको अभ्यास भएको र सोही आधारमा उच्चस्तरको केन्द्रीकरण पैदा भएको जानकारी दिँदै प्रवक्ता सापकोटाले पार्टीको राजनीतिक गतिविधिलाई थप प्रभावकारी बनाएर लानुपर्नेमा नेताहरूले जोड दिनुभएको बताउनुभयो । यस्तै विचारको विकासमा जोड दिनुपर्ने, नवप्रवर्तनमा जोड दिनुपर्ने एवं आन्तरिक एकतालाई जोड दिँदै अगाडि बढ्नुपर्नेमा नेताहरूको साझा मत रहेको थियो । त्यस्तै पार्टी कार्यकर्ताको व्यवस्थापन, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्नेलगायत विषयमा खास नीति तथा योजना तयार गरेर कार्यान्वयन गर्नुपर्ने स्थायी समिति सदस्यको धारणा थियो ।

अध्यक्ष दाहालले स्थायी समिति सदस्यको धारणा समेटेर एउटा प्रस्ताव तयार पार्ने र केन्द्रीय समिति बैठकमा पेस गर्ने तयारी गर्नुभएको छ । केन्द्रीय समितिको बैठकलगत्तै स्पष्ट कार्ययोजनाका साथ माओवादीले सङ्गठन सुदृढीकरण र जनपरिचालन गर्ने तयारी गरिएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज बसेको बैठकमा ११ जना स्थायी समिति सदस्यले धारणा राख्नुभएको थियो । स्थायी समिति सदस्यको धारणा राख्नेक्रम सकिएपछि आवश्यक तयारी गरेर बिहीबार अध्यक्ष दाहालले जवाफ दिने कार्यसूची तय भएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो ।

मंगलबारको बैठकमा महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव हरिबोल गजुरेल नेताहरू कुवेर ओली, सत्य पहाडी, खगराज भट्ट, डिलाराम आचार्य, विश्वनाथ साह, श्रीराम ढकाल, गिरिराजमणि पोखरेल, लीलामणि पोखरेल, नन्दकुमार प्रसाईंले मुलुकको पछिल्लो राजनीतिक अवस्था, पार्टीले अगाल्नुपर्ने नीति तथा कार्यक्रम, साङ्गठनिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।रासस

# जसपा नेपालका केन्द्रीय सदस्यलाई संघीय प्रणालीबारे प्रशिक्षण




काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालको जारी केन्द्रीय समिति बैठकमा सङ्घीय प्रणालीको अभ्यास र महत्वबारे नेताहरुलाई प्रशिक्षण दिइएको छ ।

ललितपुरको सानागाउँस्थित थसी ब्याङ्क्वेटमा गत आइतबारदेखि सुरु भएको बैठकको तेस्रो दिन मंगलबार राष्ट्रियसभाका सांसद डा खिमलाल देवकोटाले सङ्घीय प्रणालीको अभ्यास, आवश्यकता, महत्व र यसको कार्यान्वयनको चरणलगायतका विषयमा केन्द्रीय सदस्यलाई प्रशिक्षण दिनुभएको जसपा नेपालले जनाएको छ ।

बैठकमा अध्यक्ष उपेन्द्र यादवले बैठकमा प्रस्तुत गर्नुभएको राजनीति प्रतिवेदनमाथि छलफल सुरु भएको थियो । देशैभरिबाट सहभागी दुई सय १५ जना केन्द्रीय सदस्यको रायसुझावसहित सो प्रतिवेदनलाई पारित गर्ने कार्यसूची रहेको छ । अध्यक्ष यादवले पार्टीको केन्द्रीय समिति बैठकमा ६१ बुँदे राजनीतिक प्रस्ताव पेस गर्नुभएको थियो । प्रस्तावमा सङ्घीयता कार्यान्वयन, संविधान संशोधन, सामाजिक न्यायको हक, निर्वाचन क्षेत्र निर्धारणलगायत विषय उल्लेख छन् । साथै सङ्गठन निर्माण अभियान चलाउने प्रस्तावसमेत छ ।

जनकपुरधाममा सम्पन्न एकताको प्रथम महाधिवेशनपछि नवगठित केन्द्रीय समितिको साउन २७ गतेदेखि सुरु भएको पहिलो बैठक बुधबार सम्पन्न हुनेछ ।

यसअघि सोमबार राजनीति विश्लेषक विजयकान्त लालकर्ण, सञ्चारकर्मी प्रनव खरेल, अभिवक्ता शङ्कर लिम्बू र अर्थविद् डा उमाशङ्कर साहले परराष्ट्र मामिला, सामाजिक लोकतन्त्र, सङ्घीयताको कानुनी पक्ष, सङ्घीयताभित्रको आर्थिक लगायतका विषयमा केन्द्रीय सदस्यलाई प्रशिक्षण दिनुभएको थियो ।रासस

# समसामयिक विषयमा सरकार र सदनको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसदहरुले आफ्नो निर्वाचन क्षेत्रका समस्याप्रति सदन र सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसद चन्द्रबहादुर विश्वकर्माले जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितलाई स्वच्छ पेयजलको व्यवस्था गर्न माग गर्नुभयो । सांसद अनिता देवीले डेङ्गी र हैजा नियन्त्रण चुनौतीपूर्ण बनेको बताउँदै रोग नियन्त्रणतर्फ लाग्न सम्बन्धित निकायलाई आग्रह गर्नुभयो ।

सांसद अनिशा नेपालीले आदिवासी जनजाति, मुस्लिम र मधेसीका सवालमा गम्भीर भएर काम गर्न सरकारसँग अनुरोध गर्नुभयो । सांसद अम्मरबहादुर रायमाझीले उदयपुर जिल्लाबाट तथ्याङ्क कार्यालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, खानेपानी डिभिजन, सहकारी डिभिजन, कार्यालय अन्यत्र नसार्न माग गर्नुभयो । सांसद अर्जुन नरसिंह केसीले बङ्गलादेशको राजनीतिक घटनानक्रमबाट आफूहरूले सिक्नुपर्नेमा जोड दिनुभयो ।सांसद अशोककुमार चौधरीले भ्रष्टाचारजस्तो जघन्य अपराधमा ५ वर्षको हदम्याद राखेर उन्मुक्ति दिननहुने बताउनुभयो ।



> सांसद अनिशा नेपालीले आदिवासी जनजाति, मुस्लिम र मधेसीका सवालमा गम्भीर भएर काम गर्न सरकारसँग अनुरोध गर्नुभयो ।

सांसद आस्माकुमारी चौधरीले दाङलगायत सुक्खाग्रस्त क्षेत्रमा सिँचाइको प्रबन्ध गर्न माग गर्नुभयो ।सांसद कालुराम राईले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा ऐन, नियम,नियमवाली, निर्देशिकाको कार्यान्वय नभएमा दुःख व्यक्त गर्नुभयो । सांसद कुसुमदेवी थापाले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा बसोबास गर्दै आएका नटुवा समुदाय पहिचानको खोजीमा रहेका तथा तीनहजार ६२ जनाको यो लोपन्मुख जातिको संरक्षणको माग गर्नुभयो ।

सांसद डा चन्द्रकान्त भण्डारीले सुरक्षा निकाय र प्रशासन भएपनि बालबालिका हराउने प्रवृत्ति नरोकिएकामा चिन्ता व्यक्त गर्नुभयो ।सांसद छिरिङ लामा तामाङले धरहरा निर्माण भएर उद्घाटन भइसक्दा पनि सञ्चालनमा नआएकोप्रति चासो व्यक्त गर्नुभयो ।सांसद जावेदा खातुन जागाले बर्दिया जिल्लाका स्थानीयप्रति प्रहरी असहिष्णु बनेको आरोप लगाउनुभयो ।रासस

# सातै प्रदेशमा मानव अङ्ग प्रत्यारोपण उपकेन्द्र निर्माण हुन्छः मन्त्री पौडेल




काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सातवटै प्रदेशमा मानव अङ्ग प्रत्यारोपणका लागि उपकेन्द्र खोलिने घोषणा गर्नुभएको छ ।

विश्व अङ्गदान दिवसका अवसरमा भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा अङ्गदान गर्नेलाई सम्मान गर्दै मन्त्री पौडेलले आफूले हालै सार्वजनिक गरेको कार्ययोजनामा पनि यो विषय समेटिएको बताउनुभएको हो ।

“मानव अङ्गदानका लागि सबै प्रदेशमा यसै केन्द्रको शाखाका रुपमा उपकेन्द्र सञ्चालन हुनेछन्”, मन्त्री पौडेलले भन्नुभयो, “तत्काल कोशी प्रदेशबाट यो काम थालिने छ ।”उहाँले कोशीमा छिट्टै उपकेन्द्र खुल्ने जानकारी दिँदै अरु प्रदेशमा पनि चाँडै काम थालिने गरी तयारी अघि बढिरहेको बताउनुभयो । “‘यस (केन्द्र) ले मात्र देशैभर सेवा दिन सक्दैन”, मन्त्री पौडेलले भन्नुभयो, “त्यसैले भक्तपुरलाई केन्द्र बनाएर सातै प्रदेशमा अङ्ग प्रत्यारोपण उप केन्द्र खोल्ने तयारी गरेका छौँ ।”

सीमित जनशक्ति, पूर्वाधार र स्रोतका कारण चाहे जस्तो सेवा दिन नसकिएको उल्लेख गर्दै मन्त्री पौडेलले हाल भएका जनशक्ति र स्रोतलाई अधिक सक्रिय बनाएर जनतालाई बढी लाभ दिने गरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।भक्तपुरस्थित केन्द्र साँघुरो भएकाले समस्या परेको गुनासो आएको भन्दै मन्त्री पौडेलले सूर्यविनायकमा स्थानान्तरणका लागि मन्त्रिपरिषदमा प्रस्ताव लैजाने जानकारी दिनुभयो । “मैले यो कुरा स्टन्ट गर्न भनेको होइन”, मन्त्री पौडेलले भन्नुभयो, “यो आवश्यकता हो । पूर्वाधार, जनशक्ति र उपकरणको पक्षबाट व्यवस्थित गर्छौं ।”

मन्त्री पौडेलले अस्पताललाई उपकरण तथा जनशक्ति थप्ने विषयमा आवश्यक पहल गर्न प्रतिबद्ध रहेको बताउनुभयो । मन्त्री पौडेलले मानव अङ्गदान जीवनदान भएको भन्दै यसलाई प्रोत्साहित गरिनु जरुरी रहेको उल्लेख गर्नुभयो ।रासस

# मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेरसम्बन्धी संसद्लाई जानकारी



काठमाण्डु । सभामुख देवराज घिमिरेले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेरसम्बन्धी पत्रको व्यहोरा सांसदसमक्ष पढेर सुनाउनुभएको छ ।

मर्यादाक्रमअनुसार क्रमशः केपी शर्मा ओली (प्रधानमन्त्री), प्रकाशमान सिंह (उपप्रधान तथा सहरी विकासमन्त्री), विष्णुप्रसाद पौडेल (उपप्रधान तथा अर्थमन्त्री) पृथ्वीसुब्बा गुरुङ (सञ्चार तथा सूचना प्रविधिमन्त्री, रमेश लेखक (गृहमन्त्री), शरद्सिंह भण्डारी (श्रम, रोजगार तथा सामाजिक सुरक्षा) र आरजु राणा देउवा (परराष्ट्रमन्त्री), प्रदीप यादव (खानेपानी मन्त्री) हुनुहुन्छ ।

त्यसैगरी क्रमशः बलराम अधिकारी (भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री), दामोदर भण्डारी (उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, नवलकिशोर शाह सुडी (महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री), देवेन्द्र दाहाल (भौतिक पूर्वाधार तथा यातायातमन्त्री, तेजुलाल चौधरी (युवा तथा खेलकुदमन्त्री) बद्रीप्रसाद पाण्डे (संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, अजयकुमार चौरसिया (कानुन, न्याय तथा संसदीय मामिलामन्त्री), प्रदीप पौडेल (स्वास्थ्य तथा जनसंख्यामन्त्री), रामनाथ अधिकारी (कृषि तथा पशुपन्छी विकासमन्त्री), विद्या भट्टराई (शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री), मानवीर राई (रक्षामन्त्री), दीपक खड्का (ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री), राजकुमार गुप्ता (सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री र ऐनबहादुर शाही ठकुरी (वन तथा वातावरण) रहनुभएको छ ।रासस

PLAN INTERNATIONAL
Until we are all equal

**Invitation to tender for various services and items**
**Ref. ERO-005, 6,7 -24/25**
**Published Date: - 14 August 2024**

Plan International Nepal is an independent International development and humanitarian organization working with development partners in coordination with stakeholders to advance children's rights and equality for girls. It has been working in Nepal since 1978 and currently working in 23 districts.

**Plan International Nepal, East regional Office, Janakpur** invites to submit sealed tender for various services and items as mentioned below from interested and eligible firms/entity registered in government of Nepal.

1. **Ref No: ERO 005 -024/025- Supply of hotel services**
2. **ERO 006-024/025 -Vehicle Repair and Maintenance Service**
3. **Ref No: ERO 007-024/025 -Supply of Stationery Items**

The Tender document can be downloaded from the below link
https://plan-international.org/nepal/procurement/
or asked via email NepalERO.Procurement@plan-international.org

**Deadline for Submission**
Sealed tender document should be submitted hardcopy clearly mentioning the Reference No. with heading on or before 4.00PM, 03 September , 2024 to Plan International Nepal East Regional Office Janakpurdham-4, Bisahara chowk, Dhanusha, Nepal Tel:- 041- 590050

*Say Yes! To keeping children and Young People Safe and Protected*

# ढाकाका सडकमा ट्राफिक व्यवस्थापन गर्दै विद्यार्थीहरू

एएनआई

ढाका । ढाकाका सडकहरूमा अनौठो दृश्य देखिएको छ । दर्जनौं विद्यार्थीले बङ्गलादेशको राजधानीमा यातायात व्यवस्थापनको जिम्मेबारी सम्हालेका छन् ।



ढाकाका सडकहरूमा हिंसात्मक विद्रोह हुँदा शेख हसिनाले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपरेको थियो र नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ ।मूल रूपमा संशोधित आरक्षण प्रणालीको मागबाट विरोध प्रदर्शन सुरु भएको थियो । प्रदर्शनमा विभिन्न विश्वविद्यालय र शैक्षिक संस्थानका हजारौं विद्यार्थी हसिनाको नेतृत्वमा रहेको अघिल्लो अवामी लिग सरकारबाट परिवर्तनको माग गर्दै सडकहरूमा उत्रिएका थिए ।

हिंसात्मक विरोध प्रदर्शन महिनौंसम्म चलेको थियो र पछिल्ला केही सातामा स्थानीय सञ्चार माध्यमहरूमा धेरैको मृत्यु भएको रिपोर्ट गरिएको थियो । युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएसँगै चर्को ट्राफिक जाम देखिएको बङ्गलादेशको संसद्बाहिर ट्राफिक व्यवस्थापन गर्न विद्यार्थीहरू अघि सरेका छन् । इन्जिनियरिङ, चिकित्सा र अन्य क्षेत्रलगायत विविध पृष्ठभूमिका विद्यार्थीहरूले ट्राफिक व्यवस्थापनका लागि स्वयंसेवा गरिरहेका छन् ।

बङ्गलादेशको संसद् भवन नजिकै ट्राफिक व्यवस्थापन गर्ने स्वयंसेवक विद्यार्थी बशिरले विश्वविद्यालय र विद्यालय अहिले बन्द भएकाले विद्यार्थीहरू ट्राफिक व्यवस्थापनका लागि अघि बढेको बताउनुभयो । "हामी ५० भन्दा बढी विद्यार्थीले ट्राफिक व्यवस्थापन गरिरहेका छौं, प्रहरी पनि आएर व्यवस्थापन गर्छ किनकी हामी पनि पढाइका लागि फर्कनुपर्छ, अहिले विद्यालय र कलेज बन्द छन् तर प्रहरी चाँडै आउनेछ", उहाँले भन्नुभयो । बशिरले बङ्गलादेशमा निर्वाचन हुनुपर्ने बताउँदै भन्नुभयो, "अहिले मुलुक सञ्चालनका लागि हामी मात्र उपलब्ध छौं, आन्दोलन बिल्कुल सही थियो, निर्वाचन हुनुपर्छ ।"

अधिकारीहरूले आफ्नो माग सम्बोधन गर्ने मात्र नभई बङ्गलादेशलाई लोकतान्त्रिक मुलुक बनाउने दिशामा पनि काम गर्नुपर्ने विद्यार्थीहरूले अपेक्षा गरेका छन् । बढ्दो विरोध प्रदर्शनका बीच आफ्नो राजीनामा बुझाएपछि शेख हसिनाले अगस्ट ५ मा बङ्गलादेश छाड्नुभएको थियो । सुरुमा सरकारी सेवामा आरक्षण प्रणालीविरुद्ध विद्यार्थीहरूले गरेको विरोध प्रदर्शन पछि व्यापक सरकार विरोधी प्रदर्शनमा रूपान्तरण भएको थियो ।

सन् १९७१ को युद्धका दिग्गजहरूका सन्तानलगायत विशिष्ट समूहहरूका लागि निजामती सेवाका जागिरहरूलाई आरक्षित गर्ने कोटा प्रणालीमा सुधारको मागका कारण जुलाईको प्रारम्भमा विरोध प्रदर्शन सुरु भएको थियो । नोबेल पुरस्कार विजेता अर्थशास्त्री मुहम्मद युनुसले हसिनाले राजीनामा दिएको तीन दिनपछि अगस्ट ८ मा बङ्गलादेशको अन्तरिम सरकार प्रमुखका रूपमा सपथ लिनुभयो ।

# भारत र अष्ट्रेलियाबीच समुद्री सुरक्षा वार्ता

एएनआई

नयाँ दिल्ली । भारत र अस्ट्रेलियाबीच छैटौं सामुद्रिक सुरक्षा संवाद मङ्गलबार क्यानबेरामा सम्पन्न भएको विदेश मन्त्रालयले जनाएको छ ।

भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेश मन्त्रालयको निशस्त्रीकरण तथा अन्तर्राष्ट्रिय सुरक्षा मामिलाका सहसचिव मुआनपुई साइआवीले गर्नुभएको थियो भने अष्ट्रेलियाली प्रतिनिधिमण्डलको नेतृत्व दक्षिण एसिया तथा मध्य एसिया डिभिजनका प्रथम सहायक सचिव सारा स्टोरीले गर्नुभएको थियो ।

दुवै पक्षबीच समावेशी विकास र विश्वव्यापी कल्याणका लागि अनुकूल सुरक्षित समुद्री वातावरण कायम राख्ने तरिकाहरूबारे छलफल भएको छ । उहाँहरुले इन्डो-प्यासिफिक क्षेत्रमा समुद्री सुरक्षा वातावरण, मानवीय सहायता र विपद् राहत (एचएडीआर) समन्वय, क्षेत्रीय र बहुपक्षीय संलग्नता र समुद्री स्रोतहरूको दिगो प्रयोगलगायत आपसी चासोका विभिन्न विषयहरूमा विचार आदानप्रदान गर्नुभयो ।

दुवै पक्षले यी क्षेत्रहरूमा आफ्नो द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्ने तरिका र साधनबारे पनि छलफल गर्नुभयो । वार्ताको अर्को चरण पारस्परिक रूपमा सुविधाजनक मितिमा नयाँ दिल्लीमा आयोजना गर्न दुई देश सहमति भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# सुरक्षा परिषद् सुधारका लागि राष्ट्रसङ्घका प्रमुखको आह्वान

एएनआई

न्यूयोर्क ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद् (यूएनएससी)मा अफ्रिकाको स्थायी सदस्यताको लागि आह्वान गर्दै सुरक्षा परिषद्लाई विस्तार गर्न आवश्यक रहेको बताउनुभयो ।सोमबार आयोजित सुरक्षा परिषद् उच्चस्तरीय बहसका क्रममा संयुक्त राष्ट्रसङ्घका प्रमुखले परिषद्को संरचना परिवर्तनशील विश्वसँग तालमेल राख्न असफल भएको भन्दै यसको सुधार आवश्यक रहेको बताउनुभएको हो ।



"विश्वको प्रमुख शान्ति र सुरक्षा निकायमा एक अर्बभन्दा बढी जनसङ्ख्या भएको महाद्वीपका लागि स्थायी आवाजको अभाव छ भन्ने कुरा हामी अस्वीकार गर्न सक्दैनौं साथै हामी महाद्वीप र विश्वभर शान्ति र सुरक्षाको प्रश्नमा अफ्रिकाको दृष्टिकोणलाई कम महत्व दिइएको कुरा पनि अस्वीकार गर्न सक्दैनौं", गुटेरेसले भन्नुभयो । पन्ध्र सदस्यीय सुरक्षा परिषद्का पाँच स्थायी सदस्यहरू- चीन, फ्रान्स, रुस, संयुक्त राज्य अमेरिका र बेलायत-प्रत्येकसँग मतदानमा भिटो गर्ने क्षमता छ । बाँकी १० अस्थायी सदस्यता क्षेत्रीय रूपमा वितरण गरिएका छन् ।

दशमध्ये तीन अफ्रिकी राज्यहरूका लागि, ल्याटिन अमेरिका र क्यारिबियनका लागि दुई, एसिया-प्यासिफिकका लागि दुई, पश्चिमी युरोप र अन्य राज्यहरूका लागि दुई र पूर्वी युरोपका लागि एक सदस्यता वितरण गरिएको छ । यूएनएससीले गत मे महिनामा अफ्रिकी राष्ट्रहरूले विश्वव्यापी सुरक्षा र विकाससँग सम्बन्धित मुद्दाहरूको सामना गर्न ठूलो भूमिका निर्वाह गर्ने जनाएको थियो ।

यसैबीच, संयुक्त राष्ट्र महासभाका अध्यक्ष डेनिस फ्रान्सिसले बहसमा संयुक्त राष्ट्रले विश्वलाई जस्तो छ त्यस्तै प्रतिबिम्बित गर्नुपर्ने बताउनुभयो । "सुरक्षा परिषद्मा अफ्रिकालाई कम प्रतिनिधित्व गरिएको छ भन्ने तथ्यले समानता र समावेशीकरणका दुवै सिद्धान्तको अपमान गर्दछ", उहाँले भन्नुभयो । "यो राज्यहरूबीच सार्वभौम समानताको सिद्धान्तको विपरित छ र लगभग ८० वर्ष पहिलेको भन्दा तत्कालिन समाजलाई प्रतिबिम्बित गर्न यस संस्थालाई तत्काल सुधार गर्न आवश्यक छ", फ्रान्सिसले बताउनुभयो ।

# बाङ्गलादेशमा शेख हसिनाविरुद्ध 'हत्याको आरोपमा अनुसन्धान सुरु'



वीवीसी

काठमाण्डु । बाङ्लादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध हत्या आरोपमा अनुसन्धान सुरु भएको अधिकारीहरूले बताएका छन्।हसिनासँगै उनको सरकारका यातायातमन्त्रीओबाइदुलक्वान्दरसहित अन्य छ उच्च अधिकारीहरूमाथि पनि अनुसन्धान हुने बताइएको छ।

गत जुलाई महिनामा भएको आन्दोलनका क्रममा एक जना मारिएको घटनालाई जोडेर उनीहरूविरुद्ध उजुरी परेको छ। एक व्यक्तिका तर्फबाट उजुरी दिएका अधिवक्ता मामुन मियाका अनुसार राजधानी ढाकाको एक अदालतले त्यहाँको प्रहरीलाई "उजुरी परेका व्यक्तिहरूविरुद्ध ज्यान मुद्दा स्वीकार गर्न" आदेश दिएको छ। अदालतका म्याजिस्ट्रेट राजेश चौधरीले उक्त आदेश जारी गरेका हुन् र हसिनाका विरुद्ध आन्दोलन सुरु भएपछि उनका विरुद्ध जारी भएको यो पहिलो आदेश हो।

बाङ्लादेशी कानुनअनुसार यस्तो आदेशलाई फौजदारी अनुसन्धानको पहिलो चरण मानिन्छ। यसै महिनाको सुरुमा शेख हसिना बाङ्लादेशको प्रधानमन्त्री पदबाट राजीनामा दिई भारत गएकी थिइन्।त्यसअघि तीन साताभन्दा बढी समयसम्म त्यहाँ उनका विरुद्ध विश्वविद्यालयका विद्यार्थीहरूको नेतृत्वमा हिंसात्मक आन्दोलन भएको थियो। उनकै आदेशमा प्रहरीले दर्जनौं आन्दोलनकारीलाई गोली हानेर मारेको बताइएको छ।

आन्दोलनका क्रममा ४०० जनाभन्दा बढीको ज्यान गएको थियो।समाचारहरूका अनुसार हसिनाले आन्दोलनरत विद्यार्थीहरू "विद्यार्थी नभई देशमा अस्थिरता ल्याउन निस्किएका आतङ्ककारी" भएको बताउँदै आन्दोलन दबाउन निर्देश दिएका थिइन्। आन्दोलन भइरहेका बेला सडक पार गर्ने क्रममा स्थानीय किराना पसले अबु साईदलाई टाउकामा गोली लागेपछि व्यवसायी आमिर हाम्जाले गत जुलाई महिनामै हत्या आरोपमा हसिनामाथि अनुसन्धान गर्नुपर्ने माग गर्दै आवेदन दिएका थिए।

बीबीसी बाङ्लाका अनुसार गत १९ जुलाईमा प्रहरीले शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेका विद्यार्थीहरूमाथि जथाभाबी गोली चलाउने क्रममा साईदलाई लागेको भनी हाम्जाले स्थानीय अदालतलाई बताएका छन्।उनका अनुसार उनको सईदसँग कुनै नाता पर्दैन तर उनको परिवारसँग मुद्दा हाल्न पैसा नभएकाले उनले सहयोग गरेका हुन्।

"शेख हसिनाको अपराधविरुद्ध कानुनी कदम चाल्न हिम्मत गर्ने पहिलो सर्वसाधारण नागरिक हुँ म। म यसलाई टुङ्गोमा पुऱ्याउँछु," उनले समाचारसंस्था रोएटर्सलाई बताएका छन्। निरन्तर १५ वर्षसम्म सत्तामा रहेकी हसिनामाथि व्यापक मानवअधिकार उल्लङ्घन र भ्रष्टाचारको आरोप लाग्ने गरेको छ। बाङ्लादेशमा गत ज्यानुअरी महिनामा भएको निर्वाचनबाट शेख हसिना देशको प्रधानमन्त्री चुनिएकी थिइन्।सरकारी जागिरमा आरक्षणको विषयप्रति प्रश्न उठाउँदै विद्यार्थीहरूले थालेको आन्दोलन चर्किएपछि उनले अन्ततः पदत्याग गर्नुपऱ्यो।

यो उनको पाँचौं कार्यकाल थियो। यद्यपि उनको सरकार एक वर्ष पनि टिकेन।उनी राजीनामा दिएर विदेश पलायन हुन बाध्य भइन्। हसिना पलायन भएसँगै बाङ्लादेशमा नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा सरकार बनेको छ। यसका केही आन्दोलनकारी नेताहरू पनि सामेल छन्। निर्वाचन घोषणा भएपछि हसिना पनि स्वदेश फर्कने उनका छोरा सजीव वाजेदले बताएका छन्।

# झडपमा तीनजनाको मृत्यु भएको तालिबानको दाबी

एएफपी

काबुल । तालिबान अधिकारीहरूले मङ्गलबार उत्तरी सीमामा भएको झडपमा पाकिस्तानी सेनाले एक महिला र दुई बच्चासहित तीन जना सर्वसाधारणको हत्या गरेको आरोप लगाएका छन् ।अफगानिस्तानको नङ्गरहार प्रान्तको तोरखाम सीमा नजिकै सोमबार दुई देशबीच झडप भएको हो ।



सन् १८९६ मा बेलायतीहरुले कायम गरेको काबुलद्वारा विवादित २४०० किलोमिटर सीमा क्षेत्रमा कोरिएको डुरान्ड रेखा नजिकै चेकपोष्ट निर्माणलाई लिएर पाकिस्तान र अफगानिस्तानका सेनाबीच नियमित झडप भइरहेको छ । "पाकिस्तानी सेनाले सर्वसाधारणको घरलाई निशाना बनाएर आक्रमण गर्दा एक महिला र दुई बच्चाको हत्या गरेको छ", आन्तरिक मन्त्रालयका प्रवक्ता अब्दुल मतीन कानीले मङ्गलबार सामाजिक सञ्जाल एक्समार्फत भन्नुभयो ।


अफगानिस्तानको रक्षा मन्त्रालयका प्रवक्ता इनायतुल्ला ख्वाराजमीले भन्नुभयो,"यो झडप पाकिस्तानीहरूले सुरु गरेका हुन् । जब हाम्रो सेनाले तोरखाम सीमामा रहेको काल्पनिक डुरान्ड रेखामा चौकी निर्माण गर्ने प्रयास गरिरहेको थियो तब पाकिस्तानी सैनिकहरूले हाम्रो सेनामाथि गोली प्रहार गरेका हुन् र हाम्रो सेनाले उक्त प्रहारको जवाफ दिँदा यो झडप भएको हो ।"

तोरखाममा पाकिस्तानतर्फका एकजना सीमा अधिकारीले झडपमा तीनजना पाकिस्तानी सैनिक घाइते भएको बताउनुभयो । पाकिस्तानी अधिकारीहरूले तीनजना अफगानी नागरिक मारिएको आरोपमाथि कुनै प्रतिक्रिया दिएका छैनन् । सन् २०२१ मा तालिबान सरकारले सत्ता कब्जा गरेपछि दुई देशबीचको सीमा तनाव निरन्तर बढेको छ । झडपमा दुवै पक्षबाट भारी हतियार प्रयोग भएको र तोरखाम सीमा बन्द गरिएको पाकिस्तानी अधिकारीले बताएका छन् ।

# बङ्गलादेशमा विरोध प्रदर्शनका क्रममा आगो लगाइएको 'सेतु भवन' निर्जन अवस्थामा

एएनआई

ढाका । बङ्गलादेशको सडक यातायात तथा पुल व्यवस्था मन्त्रालयका अधिकारीहरूले देशमा हालै विद्यार्थी नेतृत्वमा भएको विरोध प्रदर्शनको क्रममा गम्भीर क्षति बेहोरेको सेतु भवनमा प्रवेश गर्न डराएको बताएका छन् ।



विरोध प्रदर्शनका क्रममा आक्रोशित विद्यार्थीहरूले मन्त्रालयको भवनमा आगो लगाएर सरकारी सम्पत्ति र यसको परिसरभित्र पार्क गरिएका सवारी साधनहरू तोडफोड गरेका थिए । आगलागीमा मन्त्रालयको प्रयोजनमा रहेको अनुमानित ६५ करोड मूल्यका सवारी साधनहरू जलाइएको अधिकारीहरुले बताएका छन् ।

यस घटनाले सेतु भवन भवनलाई जलेको र निर्जन संरचना बनाएको छ । भवनको क्षतिग्रस्त अवस्थाका कारण भवनभित्र प्रवेश गर्न डराएको र अस्थायी रुपमा बाहिरैबाट आफ्नो कर्तव्य पालन गरिरहेको मन्त्रालयका अधिकारीहरूले बताएका छन् । सरकारको आरक्षण प्रणालीको विरोधमा सुरु भएको प्रदर्शन ठुलो आन्दोलनमा परिणत भएको थियो जसले राजधानीमा रहेको सरकारी संस्थाहरूको सुरक्षा र स्थिरताको बारेमा गम्भीर चिन्ता खडा गर्यो ।

बङ्गलादेशको प्रमुख पत्रिका प्रोथोमआलोले "जुलाई १८ मा सयौं उग्रवादिहरुले सेतु भवनमा आक्रमण गरी नराम्ररी तोडफोड गरेर आगो लगाएका छन् र भवनबाट सरकारी सम्पत्ति लुटेका छन्" भनी जुलाई २७ मा जानकारी गराएको थियो । प्रदर्शनकारीले सवारीसाधनहरू तोडफोड गरी आगो लगाएको र कर्मचारीलाई समेत कुटपिट गरेको दैनिक पत्रिका प्रोथोमआलोले जनाएको थियो ।

उग्र विरोध प्रदर्शनको फलस्वरुप प्रधानमन्त्री शेख हरसिनाले पदबाट राजीनामा दिनुभएको हो । हाल नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा बङ्गलादेशको अन्तरिम सरकारले बिहीबार शपथ लिएको छ ।

# अमेरिकाद्वारा हसिनाको आरोप अस्विकार

एएफपी

वासिङ्टन । बङ्लादेशकी प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गर्नमा आफ्नो कुनै संलग्नता नरहेको जनाउँदै हसिनाले अमेरिकालाई लगाएको आरोप झुटो भएको ह्वाइट हाउसले सोमबार जनाएको छ ।



हसिनाको बर्हिगमनमा अमेरिकी हस्तक्षेपको आरोपबारे सोधिएको प्रश्नको जवाफमा ह्वाइट हाउसका प्रेस सचिव करिन जिन-पियरेले अमेरिकाको कुनै संलग्नता नरहेको प्रष्ट पार्नु भएको हो । बङ्गलादेशको राजनैतिक परिवर्तन बङ्गलादेशी जनताको छनोट रहेको बताउदै उहाँले बङ्गलादेशी जनताले नै आफ्नो सरकारको निर्माण र विघटन गर्नु पाउनु पर्छ भन्ने पक्षमा अमेरिका रहेको बताउनुभयो ।

हसिनाका छोरा तथा पूर्व सरकारी सल्लाहकार सजीब वाजेद जोयले अज्ञात विदेशी शक्तिले बङ्गलादेशको विरोध प्रदर्शनलाई समर्थन गरेको आरोप लगाउनु भएको थियो । यद्यपि उहाँले कुनै प्रमाण भने पेश गर्नु भएको थिएन । मे महिनामा हसिनाले विदेशी शक्तिलाई बङ्गलादेश सरकारलाई सैन्य विमानस्थल (एयरबेस) निर्माण गर्न अनुमति नदिएपछि आफू विरुद्ध षड्यन्त्र गरिरहेको आरोप लगाउनु भएको थियो ।

संयुक्त राज्य अमेरिकाको सामान्यतया बङ्लादेशसँग मैत्रीपूर्ण सम्बन्ध छ । यद्यपि हालको अवस्थामा बङ्गलादेश र अमेरिकाबीच आरोप प्रत्यारोपको शृङ्खला चलिरेको देखिन्छ । बङ्गलादेशमा हसिनाको सरकार अपदस्थ भएपछि हाल नोबेल पुरस्कार विजेता मुहम्मद युनुस अन्तरिम सरकारको प्रमुखको रूपमा रहनुभएको छ ।

# इरानद्वारा इजरायलविरुद्ध सैन्य आक्रमणको धम्की रोक्ने पश्चिमी आह्वान अस्वीकार

एएफपी

तेहरान । इरानले गत महिनाको अन्त्यमा तेहरानमा भएको हमासका राजनीतिक नेता इस्माइल हानियाको हत्यामा संलग्न इजरायलविरुद्ध सैन्य आक्रमणको आफ्नो धम्की फिर्ता लिन भनिएको पश्चिमी आह्वानलाई अस्वीकार गरेको छ ।

"फ्रान्स, जर्मनी र बेलायत जसले यहुदी शासनले गरेको अन्तर्राष्ट्रिय अपराधमा कुनै आपत्ति जनाएको छैन, उनीहरुले निर्लज्ज रूपमा इरानलाई आफ्नो सार्वभौमिकता र क्षेत्रीय अखण्डता उल्लङ्घन गर्ने शासनविरुद्ध कुनै प्रतिरोधात्मक कारबाही नगर्न आग्रह गरिरहेका छन्", विदेश मन्त्रालयका प्रवक्ता नासिर कानानीले एक विज्ञप्तिमा भन्नुभयो ।

"यस्तो अनुरोधमा राजनीतिक तर्कको अभाव छ, अन्तर्राष्ट्रिय कानूनको सिद्धान्त र नियमको उल्लङ्घनका बावजुद इजरायललाई सार्वजनिक र व्यावहारिक समर्थन गर्छ", उहाँले भन्नुभयो ।इरान र यसका सहयोगीहरूले जुलाई ३१ मा राष्ट्रपति मसूद पेजेस्कियनको शपथग्रहणका लागि तेहरानको भ्रमण गर्दा नेता हनियाको हत्याका लागि इजरायललाई दोषी ठहराएका छन् । इजरायलले यस विषयमा कुनै टिप्पणी गरेको छैन । इजरायल-हमास युद्धका कारण पहिले नै तनावमा रहेको मध्यपूर्वमा ठूलो द्वन्द्व रोक्न पश्चिमी कूटनीतिज्ञहरूले एकता जनाएका छन् ।

संयुक्त राज्य अमेरिका र युरोपेली सहयोगीले सोमबार एक विज्ञप्तीमार्फत इरानलाई आफ्नो धम्की फिर्ता लिन अनुरोध गरेका हुन् ।

# नेप्से परिसूचक र कारोबार रकम दुवै घट्यो

काठमाण्डु । यो साताको प्रारम्भमा सर्वाधिक कारोबार रकमसहित उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार भने सामान्य अङ्कले घटेको छ । नेप्से परिसूचकसँगै कारोबार रकममा पनि गिरावट आएको छ ।



मंगलबार नेप्से परिसूचक आठ दशमलव १८ अङ्कले घटेर दुई हजार नौ सय २३ दशमलव ४६ विन्दुमा कायम भएको हो । तीन सय ३२ कम्पनीको रु पाँच करोड २७ लाख ६४ हजार आठ सय ३२ कित्ता शेयर दुई लाख ४१ हजार छ सय ६५ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब ५१ करोड ५० लाख १० हजार छ सय ३३ बराबरको कारोबार भएको छ ।

नेप्सेका अनुसार बैंकिङ शून्य दशमलव ४५, वित्त एक दशमलव ५७, लगानी शून्य दशमलव ०८, व्यापार शून्य दशमलव ०६ र जीवन बीमा शून्य दशमलव ५४ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ । विकास बैंक एक दशमलव ३६, होटल तथा पर्यटन दुई दशमलव २५, जलविद्युत् शून्य दशमलव ३५ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४० प्रतिशतले घटेको छ ।

त्यसैगरी, लघुवित्त एक दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव ०७, निर्जीवन बीमा एक दशमलव ०२ र अन्य समूहको उपसूचक शून्य दशमलव ७४ प्रतिशतले घटेको छ ।

मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड, पिपल्स पावर लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल फाइनान्स लिमिटेडको सबैभन्दा धेरै शेयर मूल्य नौ दशमलव ९३ प्रतिशतले घटेको छ ।

मंगलबार सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु ८१ करोड ९९ लाख ४० हजार आठ सय २२ बराबरको कारोबारभएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने नविल ब्यालेन्स फन्ड-२ को २९ लाख ८६ हजार नौ सय सात कित्ता शेयर किनबेच भएको छ ।रासस

# वन्यजन्तु आतङ्कले बाली जोगाउनै मुस्किल

काभ्रेपलाञ्चोक । वन्यजन्तुले बालीमा क्षति पु-याएपछि यहाँको भुम्लु गाउँपालिका-९ का स्थानीय निवेदन लिएर वडा कार्यालय पुगेका छन् । बालीको क्षति विवरणसहित वडा कार्यालयमा स्थानीयवासी पुगेका हुन् ।

वन्यजन्तुबाट अन्नबालीमा मात्र नभइ मानिसलाईसमेत खतरा भएपछि उनीहरु वडा कार्यालय र जनप्रतिनिधिकहाँ गुनासो लिएर पुगेका हुन् । वडाध्यक्ष दलबहादुर तामाङले वन्यजन्तुबाट मान्छेकै ज्यान खतरामा परेको बताउनुभयो । "विशेषगरी साँझ-बिहान स्यालको आतङ्कले एक्लै हिँड्नै गाह्रो हुँदै गएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार बाँदर, स्याल, दुम्सी र बँदेलको समस्या धेरै देखिएको छ ।

कोशी पूर्वस्थित भुम्लु र चौँरीदेउराली गाउँपालिकामा मकैबालीमा बाँदरको आतङ्क धेरै छ । स्यालको सङ्ख्या पछिल्लो समय वृद्धि भएकाले समस्या समाधान गर्न नसकिएको तामाङले बताउनुभयो । उहाँले यस विषयमा गाउँपालिकामा निवेदन दिएको र गाउँपालिकाको विपद् व्यवस्थापन समितिमार्फत अनुगमन गरेर क्षतिपूर्ति दिने आश्वासन प्राप्त गरेको जानकारी दिनुभयो । केही वर्षअघिसम्म प्लास्टिकको बन्दुक पड्काएर बाँदरलगायत वन्यजन्तु भगाउने गरिएकामा हाल सोही खालका बन्दुक पड्काउँदा पनि बाँदर अटेर गर्ने गरेको स्थानीय रमेश खरेलले बताउनुभयो । तत्काल वन्यजन्तु समस्याको समाधान खोज्नुपर्ने उहाँ बताउनुहुन्छ । हाल



भुम्लु गाउँपालिकाको १, २, ३, ४, ९ र १० वडाका खेतबारीमा बँदेल पसेर अन्नबालीमा क्षति पु-याइरहेको स्थानीयवासीको भनाइ छ ।

गत चैतमा काभ्रेपलाञ्चोककै पनौती नगरपालिका-५ सुब्बा गाउँको खेतमा रोपिएको आलुखेतीमा बँदेलले क्षति पु-याएपछि स्थानीयले राति खेतमै बास बसेर कुरेको स्थानीय बुद्धिबहादुर थापाले बताउनुभयो । मल र बीउको अभावमा रोपिएको आलु क्षति हुँदा यहाँका किसान मारमा छन् । गतवर्ष पनौती नगरको कुशादेवी क्षेत्रमा बाँदरले स्थानीयलाई दुःख दिएको थियो । विसं २०८० असारमा मण्डनदेउपुर नगरपालिका-९ स्थित रायोबारीमा चितुवाले योग गङ्गा वाइल्ड एण्ड च्याटल फार्मका तीन सय ५० कालिज मारेको थियो । सोही समयमा नगरको १ नं वडास्थित नगरकोट हलेदेमा बँदेलले सयौँ रोपनी जमिनको मकै सखाप पारेको थियो । बँदेलबाट अन्नबाली जोगाउन स्थानीय रातभरी आलोपालो कुरुवासमेत बस्ने गरेका छन् । स्थानीय दीपक बस्ताकोटीका अनुसार बँदेल आतङ्कले गाउँलेसमेत घरमा बस्न डराउँछन् ।

अघिल्लो वर्ष नगरको १२ वडामध्ये ८ र ९ बाहेक सबै वडामा बाँदरले अन्नबालीमा क्षति पु-याएको थियो । त्यसवर्ष नगरले पहिलो चरणमा १२ नं वडाका स्थानीयलाई बाँदर धपाउने १५ थान यन्त्र उपलब्ध गराएको थियो । पाँचखाल नपा-१३ कोशीदेखाका बासिन्दा पाँच वर्षदेखि बँदेल र बाँदर आतङ्कबाट आजित छन् । स्थानीय यमलक्ष्मी थपलियाले बँदेल र बाँदरले कटहर र अदुवाबाहेक सबै खाने गरेको बताउनुभयो । स्थानीय जनप्रतिनिधिसँग दुःखेसो पोखेपनि समाधानको उपायबारे सहयोग नपाएको थपलियाको गुनासो छ । बनेपा नपा-३ काँत्रेका किसान गोकुल बजगाईं वन बाक्लिँदा जङ्गली जनावर बढ्दै गएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ "वनमा बँदेलको सङ्ख्या बढ्दा आलुलगायतका खेतीबाली नष्ट हुँदै गइरहेका छन् ।"

स्थानीय शिक्षक तुलाप्रसाद दाहालले बँदेल भगाउन बारीमा रेडियो बजाएर राखेको अनुभव सुनाउनुहुन्छ । धुलिखेल नगरपालिका-१ देवीटारकी किसान सरस्वती घोरासैनी दुम्सीको क्षतिबाट हैरान हुनुहुन्छ । "दुम्सीले बारीको काँक्रो र तरकारीका बोटनै सखापै पार्छ, अहिले पनि बालीमा क्षति पु-याउँछ कि भन्ने जोखिम छ", उहाँले भन्नुभयो ।

डिभिजन वन कार्यालय धुलिखेलका अधिकृत न्हुच्छे श्रेष्ठले जिल्लाका अधिकांश वनभित्र बँदेलको सङ्ख्या वृद्धि भएकाले किसानसँगद्वन्द्व बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "नीतिमै परिवर्तन नगरेसम्म जङ्गली जनावरको आतङ्क न्यूनीकरण गर्न सकिँदैन ।" उहाँका अनुसार कार्यालयसँग वन्यजन्तु न्यूनीकरणका लागि कुनै योजना नभएपनि क्षतिपूर्ति दिने काम भइरहेको छ । गएको १४ वर्षमा जिल्लामा जङ्गली जनावरको आक्रमणबाट १४ जनाको मृत्यु र छ जना घाइते भएका छन् ।रासस

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई आगन्तुक रिसर्टमा १५% सम्मछुट

**टुडे समाचारदाता**

जनकपुरधाम । सिद्धार्थ बैंकर आगन्तुक रिसर्ट प्रा. लि. (काठमाडौं, धुलिखेल) बीच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार बैंकका ग्राहकहरुले धुलिखेल स्थित आगन्तुक रिसर्टमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा फुड र बेभरेजमा १५% सम्मको र रुम ट्यारिफमा १०% सम्मको छुट प्राप्तगर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४सै घण्टा सञ्चालनमा रहन ेग्रहक सेवाकेन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरु मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिल माध्यमबाट भुक्तानीगर्न प्रोत्साहनगर्ने क्रममा केहि समय




अघिमात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवापनि सञ्चालनमा ल्याएको छ।

# ओखलढुङ्गामा ७९ करोड विकास बजेट 'फ्रिज'

ओखलढुङ्गा । गत आर्थिक वर्ष २०८०/८१ मा ओखलढुङ्गामा रु ७९ करोडभन्दा बढी विकास बजेट 'फ्रिज' भएको छ । उक्त बजेट विकास निर्माणका लागि विनियोजन भए पनि समयमा काम सम्पन्न नहुँदा 'फ्रिज' भएको हो ।

कुल रु ७९ करोड ३९ लाख ६२ हजार तीन सय ५५ दशमलव १६ पैसा 'फ्रिज' भएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक मनोजकुमार जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाका लागि प्रदेश तथा सङ्घीय सरकारले विनियोजन गरेको बजेटमध्ये खर्च हुन नसकेको उक्त बजेट 'फ्रिज' भएको हो ।

"समयमा काम सम्पन्न नहुँदा नियमानुसार भुक्तानी दिन सकिन्न । गत वर्ष जिल्लाको धेरै विकास बजेट फिर्ता भयो", जोशीले भन्नुभयो, "प्रक्रिया पुगेर आएकालाई मात्रै भुक्तानी दिने गरेका छौँ । अन्य रकम नियमानुसार फिर्ता हुन्छ ।" बजेट फिर्ता हुँदा विकास निर्माण प्रभावित हुने भएकाले समयमै काम गरेर भुक्तानी लिनुपर्ने उहाँको सुझाव छ । सङ्घ र प्रदेश दुवैतर्फ गत आवमा जिल्लाका लागि कुल रु आठ अर्ब ५४ करोड ५१ लाख ७६ हजार एक सय १५ बजेट विनियोजन भएको थियो । उक्त बजेटमध्ये सङ्घतर्फ रु चार अर्ब ७८ करोड ७३ लाख ६६ हजार तीन सय १६ चालु र रु एक अर्ब १८ करोड १२ लाख ४७ हजार पाँच सय ८१ पुँजीगत रहेको थियो ।

गत आवमा प्रदेशतर्फ चालु बजेट रु ६२ करोड ७२ लाख ५५ हजार र पुँजीगत रु एक अर्ब ५५ करोड ४८ लाख ८४ हजार बजेट जिल्लाका लागि विनियोजन भएको थियो । कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार जिल्लाका स्थानीय तहलाई निकासा भएको बजेटमा पनि खर्च बर्सेनि घटेको छ । तथ्याङ्कमा विकास बजेट खर्च नभएको देखिए पनि जिल्लाका दर्जनौं आयोजना बजेट अभावका कारण रुग्ण बनेका छन् । राष्ट्रिय गौरवको योजनाका रुपमा रहेका लिखु करिडोर, मोलुङ करिडोर, दर्जनौं सडक पुलसहितका पूर्वाधारका काम वर्षौंदेखि बजेट अभावमा अधुरा छन् ।रासस

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मेहेन्द्रनगर, धनुषाका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०४/३० गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा र सो ऋण चुक्ता फछ्र्यौट गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा तथा मिति २०८०/०४/१५ गते सोमबारको खबर दर्पण राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा सो सुचना वमोजिम कर्जा चुक्ता नभएकोले मिति २०८०/१०/१८ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री सम्वन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना वमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले मिति २०८१/०१/१७ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरीएकोमा सो सूचना वमोजिम कर्जा चुक्ता नभएको र धितो बापतको सम्पत्ति लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **महेन्द्रनगर धनुषामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८१/०५/०५ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय महेन्द्रनगर धनुषामा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क.ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

**ऋणी** : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/०७ मा दर्ता नं. १८९८१८/०७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट मिति २०७५/०२/०७ (मु.अ.कर दर्ता मिति २०७५/०२/०७) मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०६७०५६१३ को प्रमाणपत्र प्राप्त **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.।**
ठेगाना : जिल्ला धनुषा, मिथिला नगरपालिका वडा नं. ०७, ढल्केवर ।

| सञ्चालक तथा जमानतकर्ता : जिवछी चौधरी | जमानतकर्ता : बिजय कुमार चौधरी |
|---|---|
| (ना.प्र.नं. २५६६८२९०, जारी मिति २०५७/०४/०२, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स.वडा नं. ०७,<br>(हाल मिथिला न.पा. वडा नं. ६) ।<br>बाबु : यदुनन्दन चौधरी ।<br>ससुरा/पति : अनुष्ठा चौधरी कलवार/विजय कुमार चौधरी । | (ना.प्र.नं. २५६६२१७९, जारी मिति २०४५/०२/१६, प्रतिलिपि जारी मिति २०७४/०५/१६, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स.वडा नं. ०७,<br>(हाल मिथिला न.पा. वडा नं. ६) ।<br>बाबु : अनुष्ठा चौधरी कलवार ।<br>बाजे : रघुनाथ चौधरी । |

**ख. लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :**

१. विजय कुमार चौधरीको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला ढल्केवर गा.वि.स.वडा नं. ४ नक्सा सिट नं. ४ख स्थित कित्ता नं. ८८५ क्षेत्रफल ०-०-१३-० (बिघा), ऐ.ऐ. वडा नं. ७ नक्सा सिट नं. ७क स्थित कित्ता नं. ७४३ र ७४१ क्षेत्रफल ०-३-१०-० र ०-०-१५-११ (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत............१
२. ऋणी **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण ............१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय **महेन्द्रनगर धनुषा**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेला खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय महेन्द्रनगर, धनुषामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# सामुदायिक वन समन्वय समितिद्वारा विजयसाल संरक्षण

कञ्चनपुर । बहुऔषधिका रूपमा प्रयोग हुने विजयसाल संरक्षणका लागि सामुदायिक वन समन्वय समिति कञ्चनपुरले एक दशकअघिदेखि कार्य अगाडि बढाउँदै आएको छ । सामुदायिक वनहरूलाई समन्वय समितिले विजयसाल पुनः उत्पादनका लागि सहयोग पुर्याउँदै आएको हो । प्राकृतिक रुखबाट बीउ सङ्कलन गरी नर्सरी तयार गरी सामुदायिक वनमा विजयसालका बिरुवा रोप्ने कार्य गरिँदै आएको छ ।

"काठका भाँडा निर्माण गर्न, फर्निचरमा प्रयोग गर्न र घाँसदाउराका रूपमा विजयसलाका प्राकृतिक रुख अवैध रूपमा कटानीको कार्य भएपछि लोपोन्मुख अवस्थामा पुगेको छ", समन्वय समितिका अध्यक्ष महेशदत्त जोशीले भन्नुभयो, "विजयसाल जोगाउन अभियान थालेका छौँ, समन्वय समितिमा आबद्ध सामुदायिक वनलाई वृक्षारोपणसँगै पुनःउत्पादनका लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने काम हुँदै आएको छ ।"

परम्परागतदेखि औषधिका रूपमा प्रयोग हुँदै आएको विजयसाल जोगाउन वृक्षारोपणसँगै सामुदायिक वनका पदाधिकारी, उपभोक्तालाई तालिम, छलफल र गोष्ठीका माध्यमबाट सचेत पार्ने काम गरिँदै आएको उहाँले बताउनुभयो । "सामुदायिक वनक्षेत्रमा खुला चरिचरन निषेध, ब्लक स्थापना गरी मेसवायर जडान, आगलागी नियन्त्रण, घाँसदाउराका लागि डालेघाँस लगाउनेलगायत कार्यले दशकअघिदेखि विजयसाल जोगाउने अभियानले सार्थकता पाएको छ", उहाँले भन्नुभयो, "बहुमूल्य औषधिका रूपमा रहेको विजयसालको पुनःउत्पादनलाई



बढाउन सफल भएका छौँ ।"

सिस्ने सिमसार क्षेत्र, जनहित महाकाली, दिपेन्द्र स्मृति, विशाल, बैजनाथ, जयलक्ष्मी, ग्लावारी, वीरेन्द्र आदर्शलगायत सामुदायिक वन क्षेत्रमा रोपिएका विजयसालका बिरुवा हुर्कँदै गएका छन् । सिस्ने सिमसार क्षेत्रको १२ हेक्टर क्षेत्रफलमा विजयसालका बिरुवा रोपिएका छन् । सामुदायिक वनमा पाँच सय हेक्टर क्षेत्रफलमा विजयसालका बिरुवाका नमूना प्लट निर्माण गरी रोपिएका छन् ।

पहिले कञ्चनपुरबाट कपिलवस्तुसम्मका क्षेत्रमा विजयसाल पाइने गरेको उल्लेख गर्नुहुँदै अध्यक्ष जोशीले हाल कञ्चनपुर र कैलालीका केही क्षेत्रमा मात्रै न्यून मात्रामा विजयसालका प्राकृतिक रुख रहेको बताउनुभयो । उहाँका अनुसार पुराना रुख विगतमा घाँसदाउराका रूपमा स्थानीय बासिन्दाले प्रयोग गर्दा घट्दै गएका हुन् । "रुखमा जथाभावी रूपमा खोपेर चोप निकाल्ने कार्यले केही रुख सुकेर सकिए", उहाँले भन्नुभयो, "केही रुख सुक्ने अवस्थामा छन्, नगन्य मात्रामा पुराना विजयसालका रुख बचेका छन्, वनहेराला परिचालन गरी ती रुखको बीउ सङ्कलन गरी बिरुवा तयार गर्ने कार्यलाई निरन्तरता दिएका छौँ ।"

बर्सेनि वृक्षारोपणको कार्यसँगै वनक्षेत्रमा आफैँ उम्रेका बिरुवाको संरक्षण हुँदै आएको छ । देख्नै दुलर्भ हुन थालेको विजयसाल हाल वन क्षेत्रमा सहजै देख्न सकिने भएको छ । विगतमा आगलागीका कारण पुनःउत्पादन भएका विजयसालका बिरुवा मर्ने गरेका थिए । हाल उपभोक्ताको सक्रियताले वनमा आगलागी हुन नपाउँदा बिरुवा हुर्कँदै गएका छन् ।

शुक्लाफाँटा नगरपालिकामा रहेको बैजनाथ सामुदायिक वनमा विजयसालका पुराना आठवटा रुख मात्र रहेकामा हाल बढेर नयाँ बोटको संख्या सात सय पुगेको वनका अध्यक्ष बहादुरसिंह महराले बताउनुभयो । वन संरक्षणकर्मीका अनुसार वन क्षेत्रमा विजयसालका पुराना रुख तीन सयदेखि पाँच सय हाराहारीमा छन् । विजयसाल दम, मुदुरोग, ग्याष्ट्रिक, चर्मरोग, चोटपटक, मर्केको र सुन्निएको ठिक गर्न परम्परादेखि प्रयोग हुँदै आएको छ । विजयसालको काठबाट बनेका भाँडा बजार क्षेत्रमा पाइने गरेका छन् । ती भाँडाको माग अत्यधिक छ ।रासस

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### मोठ श्रेस्ता कायम सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यस जिल्ला साविक गाविस बैरिया वडा न.८ हाल राजपुर नगरपालिका वडा न. ९ मा बस्ने शिवधारी सहनी मलाहको नाति सोनफी सहनीको छोरा राजेन्द्र सहनीले राजपुर न.पा वडा न.९ को च.न.१२२८ मिर्मिति २०८१।०३।१३ गतेको सिफरिस साथ तपस्किको जग्गाको मोठ श्रेस्ता कायम गरी पाउँ भनि निवेदन पेश गरेकोले सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए,असर पर्ने भए वा मोठ श्रेस्ता कायम हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा पूर्वकको वारेश मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानुन बमोजिम मोठ श्रेस्ता कायम भै जाने छ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा न. | कि.न. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | बैरिया | ७ | ५५२ | ०-३-० | च्यातिएको |

# शिक्षक सरुवा विवादले मेयर र वडाध्यक्षबीच कुटाकुट



**टुडे समाचारदाता**

बारा। बाराको जीतपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल र वडा नम्बर २ का वडा अध्यक्ष धनबहादुर श्रेष्ठबीच शिक्षक सरुवाको विषयमा विवाद हुँदा कुटाकुट भएको छ।

मेयर पौडेलले वडा नम्बर २ स्थित सिमरा नेरा नमूना माध्यमिक विद्यालयमा कार्यरत शिक्षक मेघराज गिरीलाई वडा नम्बर ७ स्थित फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालयमा सरुवा गरेका थिए।

त्यस्तै फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालयमा कार्यरत महिला शिक्षक सीता अधिकारीको सरुवा गरी वडा २ स्थित सिमरा नेरा नमूना माध्यमिक विद्यालयमा पठाएका थिए।

मेयर पौडेलले गरेको शिक्षक हेरफेरको निर्णयमा वडाध्यक्ष श्रेष्ठले आफूसंग सल्लाह नै नलिँदा चित्त नबुझेको भन्दै विरोध गरे।

वडा अध्यक्ष श्रेष्ठ शिक्षक सरुवाको विरोध गरिरहेकै बेला मंगलबार सिमरा नेरा नमूना माध्यमिक विद्यालयमा शिक्षक सिता अधिकारी पुगेपछि विवाद बढेको छ। वडा अध्यक्षले हाजिर हुन नदिने भनेपछि मेयर पौडेल विद्यालय पुगेका थिए।

मेयर पौडेलले जर्वजस्ती हाजिर गराउन खोज्दा वडा अध्यक्षसंग घम्साघम्सी नै भएको थियो। त्यसपछि इलाका प्रहरी कार्यालयबाट प्रहरी नायब उपरीक्षक चिरञ्जीवि पौडेलले थामथुम पारे।

वडाध्यक्ष श्रेष्ठले आफ्नो वडाको विद्यालयमा सरुवा भएको आएको ६ महिना नवित्दै शिक्षक मेघराज बराललाई वडा ७ को विद्यालयमा पठाएपछि विवाद भएको बताए।

## प्रदेशको औचित्य र स्वीकारोक्तिमा गतिरोध

# प्रदेश मन्त्री उत्पादन गर्ने कारखाना

**टुडे समाचारदाता**

जनकपुरधाम। सरकार फेरबदल गर्नमा राजनीतिक दलहरुले समय खर्चिनुले संवैधानिक आकांक्षा पूरा गर्न ठोस कामहरु हुन नसकेर प्रयोगशाला बन्दै गएको धारणा व्यक्त गरिएको छ।

फ्रेडरिक एबर्ट स्टिफटुङ्गद्वारा मंगलबार जनकपुरधाममा आयोजित बदलिंदो परिस्थितिमा नागरिक शिक्षा र लोकतन्त्र बहस कार्यक्रममा सहभागीहरुले विधिको शासन र सुशासनको अवस्थामा खास सुधार हुन नसकेका कारण संवैधानिक संस्कृतिको विकासमा गतिरोध देखा परेको प्रसंग उल्लेख गरे।

भ्रष्टाचारको रोकथाम र नियन्त्रणमा सरकारले शून्य सहनशीलताको वाचा गरे पनि संगठित रुपमा भ्रष्टाचार र संगठित अपराध बढ्दो अवस्थामा रहेको चर्चा गर्दै सहभागीहरुले तहगत सरकार बीचको समन्वय र अन्तर सम्बन्ध बलियो हुन नसकेको बताए।

विधायन निर्माण र योजना तर्जुमामा तहगत सरकारका बीच परामर्श र समन्वय सन्तोषजनक नभएको र स-साना आयोजनाहरुका निम्ति पनि संघीय कार्यक्रम भित्रै राखी बजेट बिनियोजन गर्ने कार्यले संघीयताको मर्म र भावना अनुरुप संघको व्यवहार नदेखिएको सहभागीहरुले प्रसंग उल्लेख गरे।

जुन उद्देश्यले संघीय प्रणाली रोजियो सो अनुरुप व्यवहार भन्दा शत्रुवत जस्तो व्यवहार गर्ने प्रवृत्ति र सत्ता केन्द्रित दलीय राजनीतिले राष्ट्र र जनता वृहत्तर हितमा केन्द्रित भइ काम गर्ने कुराले स्थायीत्व पाउन नसकेको भनाइ सहभागीहरुले राखे।

संवैधानिक आकांक्षालाई पूरा गर्न संविधान कार्यान्वयनको सम्बन्धमा देखा परेका चुनौतीहरुको अध्ययन गरी राष्ट्रिय सहमतिका आधारमा संविधानको



सशोधन, स्वच्छ अभ्यासबाट समस्याको समाधान र न्यायिक व्याद्ययाबाट द्विविधामा स्पष्टताको खाँचौं सहभागीहरुले औल्याए।

सहभभागीहरुले सविधानका धेरै अन्तरवस्तु र विशेषता उदारवादी लोकतन्त्रसँग मिलने भए पनि वाचा समाजवाद उन्मुख राज्य प्रणाली निर्माण गर्ने रहेको तथा संविधानले विभिन्न किसिमका आर्थिक र सामाजिक हकहरुलाई मौलिक हकका रुपमा समावेश गरेको भए पनि कार्यान्वयन गर्न राज्यको कमजोर आर्थिक क्षमताका कारण जटिल देखिएको तथ्य प्रस्तुत गरे।

वरिष्ठ संविधानविद् काशीराज दाहालले संविधानको कार्यान्वयनबाट केही परिवर्तन ढाँचागत रुपमा देखिएको स्थिति भए पनि जनचाहना र आकांक्षालाई सम्बोधन गर्न राज्य प्रणाली अझ पनि सक्षम हुन नसकेको बताए।

कार्यपत्र प्रस्तुत गर्दै उनले राजनीतिक अस्थिरताका कारण दिगो किसिमबाट काम हुन सकिरहेको छैन, सुशासनको अवस्था सन्तोषजनक देखिन्न, राजनीतिक व्यवस्था बदलिएको भए पनि औसत नागरिकको अवस्थामा सुधार भने हुन सकेको छैन, केन्द्रिकृत सोच, मानसिकता, कार्यशैली र चरित्रमा खासै सुधार हुन सकेको देखिन्न उल्लेख गरे।

संविधानले लोकतन्त्रा आधारभूत चरित्रहरुलाई अवलम्बन गरेको भए पनि कार्यान्वयनमा विभिन्न समस्या र चुनौतीहरु देखिएका छन्, राज्यशक्ति संघ, प्रदेश र स्थानीय सरकारका अधिकारहरु संविधानले विभाजन गरेको भए पनि कतिपय एकल अधिकार तहगत सरकार बीच एक आपसमा खटिएका र साझा अधिकारका विषयमा संघले समयमै कानुन बनाउन नसक्दा कार्यान्वयनमा विभन्न समस्या र चुनौती सिर्जना भएको उनले बताए।

संविधानविद् दाहालले संघको नेतृत्वसंगै प्रदेश सरकार पनि परिवर्तन भइहाल्ने व्यवहारले प्रदेशको औचित्य र स्वीकारोक्ति बढ्न नसकेको र प्रदेश मन्त्री उत्पादन गर्ने कारखाना जस्तो भएको बताए। उनले भने - प्रदेशले आफ्नो भूमिका स्पष्ट देखाउनु आवश्यकता हो, स्थानीय अनियमितता र भ्रष्टाचारले सुशासनको स्थिति राम्रो बनाउन नसकिरहेको अवस्था छ, हीपको सीमा बारे अस्पष्टता र गणितीय खेलले राजनीतिक स्थायीत्व, विकास र समृद्धि हुन सक्दैन।

शासन प्रणालीप्रति जनताको विश्वास डगमगायो भने संविधानले मात्र रक्षा गर्न सक्दैन भन्दै उनले मुलुकलाई सधैं शासन प्रणाली अभ्यासको प्रयोगशाला बनिरहने खतरा रहने गरेको हेक्का हुनु जरुरी भएको उनले कार्यपत्रमा उल्लेख गरेका छन्।

नेपालको मुख्य समस्या राजनीतिक अस्थिरता, कमजोर सुशासन, अनुशासनहीनता, जवाफदेहिताको अभाव, दण्डहीनताको स्थिति, भूराजनीतिले आन्तरिक व्यवस्थामा पार्ने प्रभाव, कर्मचारी प्रशासनमा व्यावसायिकताको कमी, राजनीतिमा नैतिकताको संकट, राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने शिक्षा प्रणालीको अभाव, बढ्दो बेरोजगारी, महंगो निर्वाचन व्यवस्था, भ्रष्टाचार र अनियमितता जस्ता कुराहरु देखिएको उनको कार्यपत्रमा चर्चा छ।

वरिष्ठ सञ्चारकर्मी आरती चटौतले लोकतन्त्र भनेको जनताको जीवनमा परिवर्तनको अनुभुति भएको बताउँदै माननीय राजनीतिकर्मृ नभइ जनता भएको भएको तथ्य प्रस्तुत गरिन।

उनले संविधान आफैमा पूर्ण नभए पनि जे छ गजब छ भन्दै संघले प्रदेशलाई एक्सटेन्सनका रुपमा परिभाषित गर्न नहुने धारणा राखिन।

कार्यक्रममा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहन साह चन्द्रदेव भट्ट, डा. विनय मिश्र, डा. बिन्दु पोखरेलले सकारात्मक राजनीतिक रुपान्तरण एवं बदलिंदो परिस्थितिमा लोकतन्त्रमा देखिएका नयाँ आयाम बारे चर्चा गरेका थिए।

# पहुँचको आधारमा शिक्षक नियुक्तिले सामुदायिक विद्यालयको स्तर खस्कदो

शिक्षा समन्वय इकाई सर्लाहीका प्रमुख तारापती खरेलले सर्लाही जिल्लामा दरबन्दी मिलान भएको वर्षौ वितिसक्दा पनि यस तर्फ स्थानीय सरकारको ध्यान नगएको बताए। विषयगत शिक्षकको अभावमा अन्य विषयका शिक्षकले पढाउने, राहत शिक्षक प्राधानाध्यापक बन्नको लागि मरिहत्ते गर्ने जस्ता कारणहरुले गर्दा सामुदायिक विद्यालयमा शिक्षाको स्तर खस्किँदै गएको उनले स्विकारे।

**बखतियार अलि**

मलंगवा। सर्लाही जिल्लाका सामुदायिक विद्यालयहरुमा शक्ति र पहुँचको आडमा न्यूनतम योग्यता भएका शिक्षक नियुक्ति गरिदा शैक्षिक गुणस्तर दिनानुदिन खस्किँदै गएको छ। जसकारण सामुदायिक विद्यालयमा अध्ययनरत्त विद्यार्थीहरुको भविष्य अन्योलमा परेको छ।

विगत लामो समयदेखि दरबन्दी मिलान नहुनु। विषयगत शिक्षकको चरम अभाव र कमसल शिक्षकको दरबन्दीले गर्दा जिल्लामा रहेका सामुदायिक विद्यालयहरूको अध्यापन प्रणाली योग्य शिक्षकको आभावमा शिक्षाको गुणस्तर कमजोर हुँदै गएको नागरिक समाजका अगुवा उग्रकान्त झाले गुनासो गरे।

जिल्लामा ८ सय ४७ विद्यालयहरु दर्ता छन्। जसमध्ये सामुदायिक विद्यालयहरुको संख्या ४ सय ७८ वटा छन्। संस्थागत विद्यालयको संख्या २ सय ८३ वटा र परम्परागत विद्यालयहरुको संख्या ८६ वटा छन्। उच्च शिक्षाका लागि जिल्लामा ७ वटा क्याम्पसहरु पनि संचालनमा रहेका छन्। जिल्लामा २०७४ साल तिर शिक्षकहरुको दरबन्दी मिलान भएको थियो। त्यसपछि अहिलेसम्म दरबन्दी मिलान नभएपछि समस्या सृजना भएको पुर्ब शिक्षक सुशील चौधरीले जनाए।




सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षक नहुँदा पालिका प्रमुख तथा पहुँचवाला नेता तथा जनप्रतिनिधिहरु आफ्नो पावर र पहुँचको आधारमा आफु नजिकका ब्यक्ति, कार्यकर्ता र नातेदारहरुलाई शिक्षकको रुपमा भर्ना गर्दै आएका छन्। जसले गर्दा विद्यालयको पठनपाठन समेत प्रभावित हुने गरेको छ। सामुदायिक विद्यालयमा अधिकांश गरिब तथा मजदुर वर्गका बालबालिकाहरु पढ्ने गरेकाले यसको प्रत्यक्षमारमा उनीहरूनै पर्ने गरेका छन्।

कौडेना गाउँपालिकाका शिक्षक दिपेन्द्र राय यादवका अनुसार नेपाल सरकारले शिक्षकलाई प्रत्येक महिना तलब भुक्तानी गर्ने निर्देशन दिइसकेको छ। अन्य जिल्लाहरुमा यो लागू पनि भइसकेको छ तर सर्लाहीमा भने यो नियम लागुभएको छैन।जसले गर्दा शिक्षकहरु पढाउन अल्छी गर्ने गरेका हुन्।

शिक्षा समन्वय इकाई सर्लाहीका प्रमुख तारापती खरेलले सर्लाही जिल्लामा दरबन्दी मिलान भएको वर्षौ वितिसक्दा पनि यस तर्फ स्थानीय सरकारको ध्यान नगएको बताए। विषयगत शिक्षकको अभावमा अन्य विषयका शिक्षकले पढाउने, राहत शिक्षक प्राधानाध्यापक बन्नको लागि मरिहत्ते गर्ने जस्ता कारणहरुले गर्दा सामुदायिक विद्यालयमा शिक्षाको स्तर खस्किँदै गएको उनले स्विकारे।

# भ्रमको पछि नलाग्न आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाली कांग्रेसका प्रमुख सचेतक कुमरकान्त झाले आफूले प्रमुख सचेतक पदबाट राजीनामा नदिएको प्रस्ट गरेका छन्।

प्रमुख सचेतक झाले आफ्नो बारेमा भ्रम सिर्जना गर्ने मनसायले अफवाह फैलाएको भन्दै सोको पछि नलाग्न आग्रह गरेका छन्।

उनले भने, 'आफूले प्रमुख सचेतक पदबाट राजीनामा दिएको सत्यता छैन, यो भ्रम उत्पन्न गर्ने षड्यन्त्र हो।' उनले अघि थप्दैं भने, राजीनामा बारे कसले किन भ्रम फैलाएको हो, सोबारे पनि बझ्दैं छु।'

उनले कपोलकल्पित कुराप्रति ध्यान नदिन पनि आग्रह गरे। प्रमुख सचेतक झाले आफ्नो चरित्र हत्या गर्ने प्रयासले यस्तो खाले दुष्प्रयास गर्ने खोजेको भन्दै आपत्ति समेत जनाए।

उनले मधेश प्रदेशको सवालमा आफूले विभिन्न किसिमको धारणा राख्ने गरेकाले आफूमाथि विरोधीहरुले चरित्र हत्या गरी भ्रम छर्ने कार्य गरेको प्रस्ट्याए।

कांग्रेस मधेश प्रदेशले संसदीय दलको नेतामा कृष्णकुमार यादवलाई निर्वाचित भएपछि उनको अध्यक्षतामा बसेको संसदीय दलको बैठकबाट प्रमुख सचेतक पदमा झालाई चयन गरिएको थियो।

मधेश प्रदेशसभामा कांग्रेसको तर्फबाट २२ जना प्रदेशसभा सदस्य छन्।

# धनगढीको नगरसभा मिति घोषणा गर्न माग

**टुडे समाचारदाता**

लहान। सिराहाको धनगढीमाई नगरपालिकाको नगरसभा मिति यथाशिघ्र तय गर्न माग गर्दै वडाध्यक्षहरू आन्दोलित भएका छन्।

मंगलबार एक विज्ञप्ति जारी गर्दै बहुसंख्यक वडाध्यक्षले संयुक्तरूपमा तीन सुत्रीय मागअघि सार्दै आन्दोलनको घोषणा गरेका छन्। यस्तो माग गरेका छन्।

धनगढी- ९ का अध्यक्ष प्रकाश योञ्जनले माग पूरा नभए थप आन्दोलन गर्न बाध्य हुने बताए।

उनले भने, "हालसम्म नगरसभा नबस्दा चालु आर्थिक वर्षको बजेटसमेत प्रस्तुत भएको छैन। यसले गर्दा नगनगरपालिकाको दैनिक सेवा प्रवाह र प्रशासनिक कार्य प्रभावित भएको छ। त्यसैले आन्दोलन गर्नुपर्ने अवस्था आएको हो।"




जारी गरिएको विज्ञप्तिमा सेवा प्रवाह र दैनिक प्रशासनिक कार्यलाई चुस्तदुरुस्त बनाउन अनुगमन तथा सुपरीवेक्षण कार्य गर्न छुट्टै संयन्त्र निर्माण गर्नुपर्ने, नगरपालिकामा देखिएका समस्या समाधान गर्न यथाशिघ्र कार्यपालिका बैठक आह्वान गर्नुपर्ने र नगरसभाको मिति तय गर्नुपर्ने माग राख्दै २४ घण्टे अल्टिमेटम दिएका छन्। नगरपालिकाका १४ वडाध्यक्षमध्ये १० जना यस्तो संयुक्त हस्ताक्षरसहित

धनगढी नगर कार्यपालिका सदस्य र नगरप्रमुखबीच विवाद हुँदा पटकटपक नगरसभा स्थगित हुँदै आएको छ। नगरपालिकाको बजेट खर्चसहित हिसाब किताब मागेपछि नगरप्रमुख शिवशङ्कर महतोले नगरसभा गर्न आलटाल गर्दै आएको वडाध्यक्षहरूको आरोप छ। नगरसभा बस्नुपर्ने माग गर्दै वडाध्यक्ष आन्दोलित हुँदै आएका छन्।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८